Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४७, २०७९ साल असार २१ गते मंगलबार (July 5, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# किसानको पीडालाई बुझिदिने को होला ?

**मोहन कार्की**

यतिवेला किसानहरु मलको अभावमा जताततै तनावमाछन् । मल नपाएको झोकमा सरकारलाई गाली गरिरहेकाछन् यो स्वभाविक पनि हो । नेपाललाई कृषिप्रधान देश भनेर कक्षाकोठामा घोकाई घोकाई पढाउने गरिन्छ । तर देशका किसानहरुको अवस्था हेर्ने हो भने दिनानु दिन बिग्रदो अवस्थामा छ । कतै सिचाँइको व्यवस्था नहुदा आकाशे पानीको भर पर्नुपर्ने ठाउहरुमा आकाशे पानी परेर खेत हिलाम्यै भएको वेलामा रासायनिक मलको अभाव हुदा किसानहरुले खेतमा आली लगाउन पाएका छैनन् ।

कतै कतै मल आएको भएपनि चाहेजति मल नपाउदा किसानहरु तनावमा छन् । यो पीडा कस्ले बुझिदिने ? यी किसानहरुका पीडा बुझिदिने र काम गरिदिने अविभावक देशले पाएको हुन्थ्यो भने यतिवेला किसानहरुले रासायनिक मल पाइसकेका हुने थिए ।

कृषि मन्त्रालयमा हुने ठेक्का र शक्तिकेन्द्रको गजवको काहानी

नेपालमा देखाउनका लागि बिभिन्न निकायहरु स्थापना गरिएका छन् । कहिलेकाही तिनै प्रदत निकायहरु देशका अभिसापको रुपमा आउने गर्छन् । त्यस्तै कृषि मन्त्रालय अन्तर्गतको निकाय कृषि कम्पनी लिमिटेडले प्रत्येक बर्ष मल खरिद गर्न टेण्डर आवाह्न गर्ने गर्छ । टेण्डर



आवह्न भएपछि जसले टेण्डरमा विश्वसनीय आधार दिन्छ उसैले मल विदेशवाट खरिद गरेर नेपाल ल्याउने गरेको छ । त्यसै मध्य २०७६/७७ को लागि खुलेको टेन्डरमा एकजना पुर्वप्रधानमन्त्रीका घरवेटीले समेत मल खरिद गर्न टेण्डर हालेका थिए ।

त्यो टेण्डरमा उनको कम्पनीले मल खरिदको लागि शक्तिकेन्द्रको दवावमा टेण्डर पनि पाएका थिए । तर समयमा मल ल्याउन नसकेर जनतामा हाहाकार भएपछि पुनः कृषि सामाग्री कम्पनीले तोकिएको समयमा रासायनिक मलको आपूर्ति नगर्ने दुई कम्पनी शैलुङ इन्टरप्राइजेज र हानोको मल्टिपर्पोज सँगको ठेक्का रद्द गर्दै यी कम्पनीलाई कारबाही गरेको थियो कम्पनीको २०७७ भदौ २१

गते आइतबार बसेको वैठकले ती दुई कम्पनीले राखेको करिब रु. साढे नौ करोड बैंकको धरौटी जफत गर्ने निर्णय गरेको थियो त्यस पछि मल खरिद गरेर नेपाल ल्याउन नसकेपछि आफ्नो इज्जत जोगाउन नाटकको रुपमा अन्याय भएको भन्दै अदालत समेत गएका थिए ।

पाटन उच्च अदालतले समेत उनिहरुले दायर गरेको रिट लिन अश्विकार गरेका थिए । कृषि सामग्री कम्पनीको भदौ २१ गते गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न न्यायाधीश रमेशप्रसाद राजभण्डारीको एकल इजलासले २०७७ भदौ ३० गते अल्पकालीन अन्तरिम आदेश दिएको थियो ।

कहिले अदाल, कहिले राजनीतिक शक्तिकेन्द्र घाउने गरेका मल खरिद गर्न नसकेका असफल दुई ठेकेदारहरुले कृषि सामग्री लिमिटेडलाई विवादमा फसायर मैले नपाए कसैलाई पनि काम गर्न नदिने नियत राखि त्यहाका कर्मचारीलाई निरुत्साहित पार्ने, वेला-वेलामा धम्क्याउने, अनेक खालका तिकडम गरेर केही नलागेपछि अख्तियारमा मुद्दा समेत हाल्न लगायर, एक सञ्चार बाँकी ६ पृष्ठमा

# कांग्रेसनिकट पत्रकारहरुलाई चुनावको रन्को

काठमाडौं । नेपाली कांग्रेसनिकट पत्रकारहरूको संगठन प्रेस युनियनमा आवद्ध पत्रकारहरूलाई चुनावको रन्कोले छोएको छ । आठ वर्षपछि हुन लागेको युनियनको नवौं महाधिवेशनमा नेतृत्व हत्याउन कांग्रेसनिकट पत्रकारहरू चुनावी दौडमा होमिएका छन् । आगामी साउन ६ र ७ गते हेटौंडामा हुन लागेको महाधिवेशनमा उम्मेदवार बन्ने घोषणा गरेका धेरैजसो पत्रकारहरू पार्टी नेतृत्व र अन्य पत्रकारहरूसँग भेटघाटमा व्यस्त बनेका छन् ।

यो महाधिवेशनमा अनिता विन्दु, सरोज अधिकारी, शिव लम्साल, दीपक आचार्य, उमिद बागचन्दलगायतले अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । त्यसमध्ये विन्दु र अधिकारीले कांग्रेस संस्थापन पक्षबाट उम्मेदवार बन्ने लबिङ थालेका छन् भने आचार्य र लम्साल नेता शेखर कोइराला पक्षबाट उम्मेदवार बन्ने प्रयासमा छन् । वरिष्ठ उपाध्यक्ष पदमा निरज खतिवडा, लिलाराज खनाल, जगत साउदलगायतले उम्मेदवारी घोषणा गरेका छन् । त्यसमध्ये साउद संस्थापन पक्षबाट र बाँकी दुईजना कोइराला खेमाबाट उम्मेदवार बन्ने प्रयासमा छन् ।

त्यस्तै, सातवटै प्रदेशबाट उपाध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्ने क्रम जारी छ । तर, युनियनको विधानको टुंगो नलागेकाले प्रदेश उपाध्यक्ष वा सिधैं उपाध्यक्ष पद राख्ने भन्नेमा छलफल जारी रहेको युनियनका एक नेताले बताए । 'विधानको टुंगो लागेपछि प्रदेशबाट पनि भटाभट उम्मेदवारी घोषणा हुन्छ भन्ने अनुमान लगाउन सकिन्छ,' उनले भने ।

अध्यक्ष पछिको शक्तिशाली पद महासचिवमा उम्मेदवारी घोषणा गर्नेको संख्या पनि धेरै छ । हालसम्म नकुल अर्याल, खिला कार्की, दीलिप पौडेल, रमेश वाग्ले, केशव साउद, शिवराज योगी, भीष्मराज ओझालगायतले उम्मेदवारी घोषणा गरेका छन् । त्यसमध्ये केशव साउद, भीष्म ओझा र शिवराज योगीमध्ये एकजना कांग्रेस संस्थापन पक्षको उम्मेदवार हुने संभावना रहेको छ । बाँकीले संस्थापन इतर पक्षबाट महासचिवको उम्मेदवार बन्ने प्रयत्न गरिरहेको बताइएको छ । बाँकी ६ पृष्ठमा

# भ्रमण सकेर प्रधानसेनापति शर्मा स्वदेश फिर्ता

काठमाडौं । प्रधानसेनापति प्रभुराम शर्मा स्वदेश फिर्ता भएका



छन् ।

द्वन्दग्रस्त क्षेत्रमा शान्ति स्थापनार्थ तैनाथ फौजको हौसला अभिवृद्धि गर्न तथा यूएन मिसनहरुको विविध पक्षहरु एवं भावी योजनाका बारेमा जानकारी हासिल गर्न प्रधानसेनापति शर्मा लेबनान, सिरिया र अमेरिकाको भ्रमणमा गएका थिए ।

असार ४ गतेदेखि भ्रमण सुरु गरेका शर्माले ८ गतेसम्म लेवनान, ९ गतेसम्म सिरियाको भ्रमण गरेका थिए। असार १३ गतेदेखि १७ गतेसम्म अमेरिकाको औपचारिक भ्रमण सम्पन्न गरेर प्रधानसेनापति शर्मा तथा भ्रमणदलका सदस्यहरु आइतबार स्वदेश फर्किएका हुन्।

शर्मालाई बलाधिकृत रथी बालकृष्ण कार्की तथा रक्षा सचिव किरणराज शर्माले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भीआईपी कक्षमा स्वागत गरेका थिए। १३ दिने भ्रमण सकेर स्वदेश फर्केका सेनापति शर्माको सम्मानमा सोमबार जङ्गी अड्रुडामा नेपाली सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको छ ।

विभिन्न समयमा हुने गरेका यस किसिमका उच्च स्तरीय भ्रमणले द्वन्द्वग्रस्त मुलुकहरुमा शान्ति स्थापनार्थ खट्टिएका नेपाली शान्ति सैनिकहरुको भूमिका तथा हौसलामा अभिवृद्धि हुनुका साथै यूएन मिसनहरुको गुणात्मक एवं व्यवस्थापकीय पक्षहरु सबल बनाउन तथा भावी योजना तर्जुमा गर्न उल्लेख्य सहयोग पुग्ने जंगी अड्डाको विश्वास छ ।

मित्रराष्ट्र अमेरिकाको भ्रमणबाट नेपाली सेना र अमेरिकी सेनाबीच विगतदेखि रहँदै आएको आपसी सौहार्दपूर्ण सम्बन्ध सुदृढ हुनुका साथै दुई पक्षीय हित एवं पारस्परिक सम्बन्धलाई सुमधुर बनाउन महत्वपूर्ण सावित हुने विश्वास पनि सेनाले लिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

# देउवा सरकारको मन्त्रिमण्डल हेरफेर


काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद पुनर्गठन गरेका छन् । उनले सोमबार जनता समाजवादी पार्टीका तीन नेतालाई सहभागी गराएर मन्त्रिपरिषद पुनर्गठन गरेका हुन् ।

यसअघि नेकपा एकीकृत समाजवादीले पनि मन्त्री हेरफेर गरेको थियो ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले डा. बाबुराम भट्टराईलाई धक्का दिने गरी उनीनिकट मानिएकालाई साथमा लिएका छन् । आफ्नाविरुद्ध लामो समययता लागेकाहरुलाई उपेन्द्रले रातारात गुट परिवर्तन गराउन सफल भएका छन् ।

जसपाभित्र अल्पमतमा पर्ने अवस्थामा पुगिसकेका उपेन्द्रले अन्तिम समयमा राजेन्द्र श्रेष्ठ, मोहम्मद इस्तियाक राई र प्रदिपकुमार यादवलाई मन्त्री बनाउने आश्वासन दिए । उनले गत हप्ता रातारात कार्यकारिणी बैठक डाकेर मन्त्री हेरफेरको निर्णय मात्र गराएनन् आफैलाई नामबारे टुंगो लगाउने अधिकार लिए ।

१९ असारको साँझ प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर उपेन्द्रले चार मन्त्री फिर्ता बोलाएर नयाँको नाम सिफारिश गरे । जसमा मोहम्मद इस्तियाक राई, राजेन्द्र श्रेष्ठ, मृगेन्द्रकुमार सिंह र प्रदिपकुमार यादव छन् । राई र यादव लामो समययता बाबुराम भट्टराईको पक्षमा छन् । श्रेष्ठ अशोक राई पक्षधर हुन् । उनी बहालवाला मन्त्री पनि हुन् । उपेन्द्रले बाबुरामसँग बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# मक्कै पोल्नेको पीडा र कृषि प्रधान देशमा धिन लाग्दो व्यवहार नहोस्

काठमाडौं महानगरपालिकाले केही दिन अगाडी सडकमा गाडामा मक्कै बेच्ने एक बृद्धा जोडीलाइ लछार पछार पार्दै नगर प्रहरीले गाडीमा हालेको दृष्यले धेरै नेपालीहरुको मनमा अनौठो खालको भावना उत्पन्न भएको छ ।

शहरमा मानिसहरु किन आउछन् ? शहरमा मानिसको बसोबास किन बढीरहेको छ ? भौगोलिक विकटतामा बाचिरहेका मानिसको जीवनमा भोग्नु परेका दुखः पीडा के कस्ता छन् ? ती ठाउँहरुमो सम्भावनाहरु के के छन् ? यस्ता विषयहरुले कहिल्यै प्रथामिकता पाएनन् । राज्यको नीति निर्माण गर्ने ठाउँहरुमा पुगेकाहरुले नीति बनाएनन् र विकटतामा बाचेका नेपाली नागरिकहरुले खेतीपातिवाट मनग्य आम्दानी गरिरहेको भएपनि दुख, विराम हुदा उपचार गर्न अस्पताल नजिक नहुदा समयमा एम्बुलेन्स, औषधी नपाउदा अकालमा मृत्यु ब्यहोर्नु परेका घटनाहरु धेरै छन् । यस्ता समस्याहरुसँग पैठेजोरी खेलेर पनि कहिल्यै नथाकेका पाहाडी क्षेत्रका मानिसहरु उमेर ढल्किन लागेपछि बढेका छोराछोरी विदेशतिर कमाइ गर्न लाग्ने र बाकी रहेका बुहारी नाता नातिनी काठमाडौमा छोराछोरी पढाउने बहानामा आउने भएपछि आ□ना सन्तानको मायाले डोऱ्याउदै काठमाडौ आई बस्न थालेका छन् ।

काठमाडौं शहरको दिनानु दिन बढ्दै गएको महगी, र आम्दानी नबढ्दा प्रत्येक मानिसले काम नगरेसम्म काठमाडौ उपत्यकामा बाचन धौ धौ हुने गरेको छ । त्यस्तै सिन्धुपाल्चोकवाट काठमाडौ आयर बसोबास गरिरहेका र जेनतेन मक्कै किनेर ल्याउने र बेचेर नाफा भएको रकमले बच्चा बच्चीलाई लालन पालन र पढाइ खर्च धानिरहेका सिन्धुपाल्चोके एक दम्पतीको गाडालाई काठमाडौ महानगरपालिकाको नगर प्रहरीले उठाएर लगेको र लछार पछार पारेको दृष्यले कृषिप्रधान देशलाई गिज्याईरहेको छ ।

यो समस्यो किन आयो माथिनै उल्लेख गरिसकिएको छ । भौगोलिक विकटतामा बाचेका छरिएर रहेका गाउँ बस्तीहरुमा बसोबासको ब्यवस्थापन नहुनु, त्यहा पुर्वधारको राम्रो ब्यवस्थापन नगर्नु, उपत्यका भित्र आएका मानिसहरुको पनि लगत नराख्नु र कति आम्दानी गर्ने मानिसहरु कसरी बसेका छन् । शहरी बेरोजगारको उचित ब्यवस्थापन नहुनु जस्ता समस्याहरुलाई पहिचान नगरीकन बनाइने नीतिहरुले यस्ता हजारौ सिन्धुपाल्चोके फुटपाथमा ब्यापार गरेर जीवन जिउनेहरुको समस्या कहिल्यै सावधान हुने देखिदैन ।

महानगरपालिकाले यस्ता ब्यापारिक क्षेत्रहरु छुट्याएर काम गर्न अवसर खोजिरहेका मानिसहरुलाई अवसरको सिर्जना गर्न सक्नुपर्छ । महानगरपालिका आफै महानगरपालिका भएको होइन । बाहिरी जिल्लाहरुवाट सवैतिरवाट मानिसहरु आएर बसोबास गरेका कारण मात्र महानगर भएको हो । तिनै नागरिकहरुले गरेका गतिविधिले नै महानगरपालिकाको कर बृदी देखि हरेक क्षेत्रको मुल्य बढेको हो । त्यसैले महानगरले यतिधेरै मानिसहरुको ब्यवस्थापन गर्न सक्दैन भने त्यही अनुसार नीति बनाउनुपर्छ । खाली बिदेशजान काठमाडौ उपत्यकामा थुप्रीने र बिदेश गएका मानिसका परिवार काठमाडौ महानगरमा बसोबास गर्ने, तिनैले विदेशमा कमायर ल्यायको पैशाले सरकारले राज्य चलाउने तर तिनै नागरिकहरुलाई अपमानपुर्वक ब्यवहार काठमाडौ महानगरपालिकाले गर्ने जस्ता कामले धिनलाग्दो दृष्य देखाएको छ ।

काठमाडौं महानगरपालिकाले काठमाडौमा बढ्दै गएको घरभाडा बृदी, बजार भाउको महगी नियन्त्रणमा कुनै काम गर्न सकेको छैन । तर गरिवीको रेखामुनि रहेकाहरुको धरपकडले गरिवहरु नेपालमा बाच्न पनि पाउदैनन् की भन्ने भान बढेर गएको छ । यस्तो कार्य नहोस् ।

# को होला दशक ८० को नेता ?

**बसन्त बस्नेत**

प्रजातन्त्र आउँदा त्यो एक्लै आएन । २००७ सालपछिको व्यवस्था हाँक्न हरेक दशकमा केन्द्रीय पात्रहरू देखिएका छन । त्यसअघिको निर्णायक ऐतिहासिक घटनास्वरूप विसं २००० को मध्यदशकमा बीपी कोइराला, गणेशमान सिंह, मनमोहन अधिकारीको पुस्ता अघि सरेर विद्रोहको अगुवाइ गऱ्यो । १० को दशक बीपी, मातृकाप्रसाद कोइराला टंकप्रसादहरूको टकरावको समय थियो, जसमा खेल्दै परिवर्तन उल्ट्याउन राजा महेन्द्र अघि सरे । ०२० को दशकभरि कुनै न कुनै रूपमा महेन्द्रकै नीतिहरू हावी भए ।

३० को दशकलाई मेलमिलाप नीतिदेखि जनमतसंग्रहसम्म बीपीको विशेष प्रभाव रह्यो । ४० को दशकमा गणेशमान सिंहको सोच निर्णायक रह्यो, जसका कारण कम्युनिस्टसँग मोर्चाबन्दी गरी प्रजातन्त्र पुनर्बहाली गर्ने नीतिमा कांग्रेस पुग्यो । ५० को दशकलाई गिरिजाप्रसाद कोइरालाले पर्याप्त प्रभावित पारे । ६० को दशकमा आए प्रचण्ड । अनि ७० को दशकमा केपी ओली । ७० को दशकको अन्तिम वर्ष बित्दै गर्दा स्वाभाविक जिज्ञासा उठ्न सक्छ, ८० को दशकमा को ?

प्रिय पाठकको मनमा लाग्न सक्छ, समयलाई १०, १० वर्षको काल-दूरीमा विभाजित गर्नैपर्छ भन्ने कुनै बाध्यता छैन । अनि १० वर्षहरूमा एउटै केन्द्रीय पात्र मात्रै हावी हुन सक्छ भन्ने अनुमान गर्नु कतिपयलाई सही नजँच्ला पनि । मार्क्सवादीहरूले त यसलाई गैरऐतिहासिक सोच नै करार गर्न सक्ने खतरा पनि छ । यसै पनि नेपालमा एउटा गहिरो विश्वास चलिआएको छ, १० वर्षमा राजनीतिक उथलपुथल हुन्छ । पहिलेका वर्षहरूमा त्यो राजनीतिक प्रणालीकै भविष्यसँग जोडेर यसलाई विश्लेषण गर्ने गरिन्थ्यो । कम्तीमा संविधानसभाले संविधान बनाएसँगै, अनि राज्यका तीन तहले त्यसलाई कार्यान्वयन सुनिश्चित गरिसकेपछि अब प्रणालीगत संकट सकिने छाँट देखिएको छ । अब यही लोकतान्त्रिक गणतन्त्रको राज्यव्यवस्था भित्र नयाँ नीति र अनुहारहरूको छनोट हुने सम्भावनाहरू प्रशस्त छन ।

हामी सामुन्नेमा देख्न सक्छौं, दशक ८० का नयाँ अनुहारहरूलाई । ५५ वर्षे उमेर हद आफैं तोकेर राजनीतिमा सक्रिय कांग्रेस महामन्त्री गगन थापा, जो आसन्न चुनावपछि संसदीय दलमा पार्टी सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवालाई चुनौती दिने तयारीमा छन । मदन भण्डारीको वैचारिक वृक्षको विरासत अन्तर्गत अगाडि सारेको दाबी गरिएका एमाले महासचिव शंकर पोखरेल, जो अग्रज र समकालीन नेताहरूमध्ये अग्रता लिने लक्ष्यको झिनो दूरीमा छन । दौड त बाबुराम भट्टराई, उपेन्द्र यादवदेखि राजेन्द्र लिङ्देनहरूसम्मको पनि नभएको होइन, तर संगठनात्मक घनत्वको सीमाका कारण उनीहरूलाई काफी चुनौतीहरू छन । उता मध्यदक्षिणपन्थी विचारलाई कसले नेतृत्व देला भन्ने प्रतिस्पर्धा अब चर्को हुने देखिन्छ । त्यो लाइनमा सुरुमै देखिन खोजेका थिए रवीन्द्र मिश्र । उनलाई अस्तित्वको लघुसंकट सुरु भएको छ । बालेनदेखि रवि लामिछानेसम्मको सुरुआती जोडकोण हेर्दा आगामी दशकमा उदाउन सक्ने भनिँदै आएका दलगत घेराबाहिरको ठूलो मतदाता समूहलाई प्रभावित पारौंला भन्ने उनीहरूको चाहना हुन सक्छ । तर मूलधारका ठूला दलहरूमा स्वयं परिष्कारको अभ्यास कुन हदसम्म विकास हुन सक्छ भन्ने विषयले नयाँ अनुहारहरूको उदयलाई निर्धारित गर्न सक्नेछ ।

नत्र नागरिकहरूसामु विश्वप्रकाश शर्मा, योगेश भट्टराई लगायतकै नियमित सूची उपलब्ध हुन सक्छ । कहिलेकाहीँ सुशील कोइराला शैलीले आन्तरिक राजनीतिमा काम गर्न पनि सक्छ, जहाँ संगठनभित्रको पकड निर्णायक हुन्छ । टेक्नोक्र्याट पृष्ठभूमिबाट राजनीतिमा आउने तयारीमा रहेका व्यक्तिहरू राष्ट्रिय राजनीतिमा पक्कै प्रभावी बन्नेछन । तिनीहरू निर्णायक बन्लान् भन्नेमा आशंका भने पर्याप्त छ । राजनीतिले नीतिनिर्माणमा हावी मानिसहरूको सक्रियता खोज्छ । काम भने दृढ इच्छाशक्ति र लगन भएकाहरूले मात्रै गर्न सक्छन । प्रियतावादको महासागरमा उर्लन सजिलो छ । अप्रिय निर्णय लिन सक्नेहरूलाई तत्कालको जनमतले सदर नगर्ला, भविष्यले भने अनुमोदन गर्न सक्छ ।

यस्तो अवस्थामा निर्णायक नेतृत्व उदाउने दुईवटा परिवेश तयार हुन सक्छन । एउटा, नागरिकलाई भविष्यको कल्पना विश्वसनीय ढंगले बाँड्न सक्ने ल्याकत । दोस्रो, तात्कालिक परिस्थितिलाई औसतभन्दा राम्रोसँग अगुवाइ गर्ने पहलकदमी । त्यसबाहेक तेस्रो तर्क पनि नेपाली समाजमा जबर्जस्त स्थापित छ । वामपन्थीहरू नीतिले नेता जन्माउँछ भन्ने मान्छन । यो तर्क बलियो सुनिए पनि नीतिले सधैं नेता जन्माउँदैन भन्ने मान्यता उनीहरू स्वयंले पुष्टि गर्दै आएका छन । एमालेको सातौं महाधिवेशनमा तत्कालीन स्थायी कमिटी सदस्य केपी ओलीले संगठनमा लोकतन्त्रीकरणको प्रस्ताव ल्याए । उनको त्यो नीति बन्दसत्रमा पास भयो, तर उनी नेतृत्वमा आउन सकेनन । नवौं महाधिवेशनमा घनश्याम भुसालले ल्याएको नेपाली समाजको नयाँ विश्लेषण सम्बन्धी नीति पास भयो, जबकि त्यसभन्दा भिन्न दृष्टिकोण राख्ने ओली अध्यक्ष निर्वाचित भए । नेताले अपनत्व नलिँदा अनुमोदित नीतिको समेत वैधता स्थापित हुन सक्दो रहेनछ ।

ओलीले जसलाई चुनौती दिए, ती अहिले किनारामा छन । ओलीलाई जसले चुनौती दिए, ती पनि अहिले किनारामै छन । यस अर्थमा २०७० सालमा पार्टी संसदीय चुनाव जित्ने ओलीले ०७१ मा एमाले पार्टीकै अध्यक्ष चुनिएसँगै गरेका सबल(दुर्बल कामहरू आम जानकारीमै छन । एउटा तर्क भने निर्विवाद हुन सक्छ सायद, उनले यसबीचमा दुईपल्टसम्म प्रधानमन्त्री हुने क्रममा गरेका काम, अनि विपक्षमा बस्दासमेत लिएका नीतिहरूले राष्ट्रिय राजनीतिमा उल्लेख्य प्रभाव छाडेका छन । उनलाई दशक ७० को केन्द्रीय नेता यसै यथार्थले बनाउँछ ।

ठीक यस्तै निर्णायक क्षण थियो प्रचण्डका लागि ६० को दशक । त्यो दशक सुरु हुँदा माओवादी सशस्त्र युद्ध हिंसाबाट शान्तिको बाटामा अवतरित हुन खोज्दै थियो । त्यसो गर्दा माओवादीभित्रै अझ कट्टरपन्थी समूहले उनको कदमलाई अनुमोदन नगर्ने सम्भावना त्यत्तिकै थियो । कालक्रममा त्यसको असर देखियो पनि । तर समग्रमा उनले माओवादीलाई शान्तिको बाटामा अवतरण गराउँदा देशको राजनीतिले नयाँ कोर्स लिन पुग्यो । तत्कालीन सात दललाई अगुवाइ गरिरहेका गिरिजाप्रसाद कोइरालाले शान्ति प्रक्रिया र राज्य पुनःसंरचनाको बाटोलाई अघि बढाउन सहज बाटो दिलाए । प्रचण्डले निर्णय गर्दा देश अघि बढ्यो, उनले गलत निर्णय लिँदा या अनिर्णयको बन्दी बन्दा देशले मूल्य चुकाउन पुग्यो । कटवाल प्रकरणदेखि पहिलो संविधानसभाको अवसानसम्मका दृश्य हामीले दशक ६० मै देखेका हौं । यी निर्णयहरूका केन्द्रीय कर्ता उनै प्रचण्ड थिए ।

अगाडिका दशकहरूको बारेमा नेपाली समाज जानकार नै छ । ०४६ को परिवर्तनपछि आम चुनाव हुँदा प्रधानमन्त्री प्रत्याशी कृष्णप्रसाद भट्टराई पराजित भएसककगै एमाले महासचिव मदन भण्डारी नयाँ सम्भावनायुक्त नेताका रूपमा उदाए । बहुमत भने कांग्रेसले प्राप्त गर्न पुग्यो, जसकारण गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्न पुगे । ०५० सालमा भण्डारीको निधन हुँदा कोइराला संसद् तथा आम तहमा करिब प्रतिस्पर्धीविहीन देखिए । ५० को दशक सुरु हुने बेलासम्म अघिल्लो दशकका निर्णायक गणेशमानसिंहको सर्वमान्यताको तेजोवध गर्न कोइराला अघि सरिसकेका थिए । बाँकी रहेका कृष्णप्रसाद भट्टराई त्यो दशकमा एकपल्ट प्रधानमन्त्री त भए, तर निर्णायक उनै कोइराला थिए । दशक ५० भरि कोइरालाले लिएका उचित, अनुचित निर्णयको मूल्य देशले चुकाइरह्यो । कोइराला भने आफ्नो शक्तिवृद्धिमा निरन्तर अगाडि नै बढिराखे । यस अर्थमा जसरी ६० को दशकमा माधव नेपालदेखि रामवरण यादवसम्म सक्रिय रहे पनि प्रचण्डको प्रतापका सामु तिनको उल्लेख्य इतिहास बनेन, त्यसरी नै ५० को दशकमा कोइरालाको रापतापसामु किसुनजी, मनमोहन अधिकारीदेखि शेरबहादुर देउवासम्मको उत्रो कद बनेन ।

पक्कै भन्न सकिन्छ, तत्क्षणमा शक्तिशाली बन्ने एउटा तरिका हो । दीर्घकालसम्म असरदार नेता बन्ने अर्को तरिका । मानिसहरूले उदाहरणका रूपमा मनमोहन अधिकारीदेखि किसुनजीसम्मलाई देखाउन सक्छन । तर फेरि पनि राजनीति भनेको तात्कालिकताको व्यवसाय भएको यथार्थ पनि त्यत्तिकै उपेक्षा गर्न नमिल्ने वास्तविकता हो । त्यसमा सही, गलत चाल चाल्नेहरूको गणना नगरी विश्लेषण गर्न सम्भव हुँदैन । नैतिकताको पक्षलाई राजनीतिले कहिले भाउ दिन्छ, कहिले दिँदैन । शक्तिचाहिँ यसको अनिवार्य तत्त्व हो । यो लेखकले व्यक्तिको निष्ठागत पक्षलाई कम आँक्दा हुन्छ भनेर किञ्चित् भन्न चाहेको होइन । केवल यो पक्षमा मात्रै जोड दिन खोजिएको हो, कहिलेकाहीँ शक्तिको किचाघानमा होनहार प्रतिभाहरूले बलि चढ्नुपर्ने हुन्छ । राजनीतिको विगत वर्तमान यस्ता असंख्य दृष्टान्तहरूबाट लेखिएको छ ।

त्यसैले हामी आशा गरौं, अबको नौ महिनापछि सुरु हुने अर्को दशकले नेता ल्याउँदा बदलिँदो युगको आवाज सही ढंगले सुन्ने प्रणालीको विकास गरिसकेको अवस्था बन्न सकोस । अहिलेको प्रणाली पक्कै विगतभन्दा नागरिकमुखी बन्न सक्ने ठाउँमा छ । तर यसका लागि काम भने भइसकेको छैन । काठमाडौंको फोहोर उठाउने कुरा पो मिडियामा हेडलाइन र प्राइम टाइमको कन्टेन्ट बन्न सक्छ । सातै प्रदेशका पालिकाहरूमा घट्ने असंख्य संवेदनशील घटनाहरू, जसको कुनै सार्वजनिक अभिलेखसमेत बन्दैन, हाम्रो नेतृत्वले आफ्नो ओजलाई त्यहाँसम्म कसरी विस्तारित गर्न सक्ला ? गगन थापा होऊन् या बालेन, शंकर पोखरेल होऊन् या माओवादी भाष्यमा भविष्य देखिरहेका नयाँ पुस्ताहरू, उनीहरूले आफ्नो पक्ष समूहभित्र नयाँ नेताको खोजी गर्ने हो भने तत्तत् प्रश्नहरूको जवाफ दिनैपर्छ । सामान्य आँखाबाट हेर्दा राष्ट्रको राजनीति दक्षिणपन्थी कित्तामा ढलपल त नगर्ला, तर के अबका नेताहरूले जस्तोसुकै राजनीतिक कार्यक्रम दिए पनि बृहत्तर रूपमा सामाजिक लोकतन्त्रको बृहत्तर फ्रेमवर्कभित्र आफ्ना नागरिकमुखी नीति कार्यक्रमहरूको सुनिश्चितता गर्न सक्लान ? के उनीहरूले नेपाली समाजभित्रको सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै विकास, उन्नतिको मार्गचित्र कोर्लान ? के उनीहरूसँग दशक ७० ले अन्तिम वर्षसम्म उत्कर्षमा पुऱ्याएको महँगी, मूल्यवृद्धि र बेरोजगारीको समाधान दिने ठोस योजना हुन सक्ला ?

जसले बढ्ता वस्तुवादी भएर त्यस्तो खाका कोर्नेछन्, र त्यसलाई बुझिने गरी नागरिकसामु लगिराख्नेछन्, आम विश्वास तिनैलाई मिल्न बेर लाग्ने छैन । याद रहोस्, दशक ७० को अन्तिम वर्षमा अझै दुई तहका चुनाव बाँकी छन । दशक ८० को राजनीतिलाई सुरुआती प्रभाव यिनै चुनावले दिन सक्छन । तर चुनावको पनि सीमा छ । यसले उम्मेदवार चुन्छ, नेता चुन्दैन । त्यसैले त्यसउप्रान्त पनि नागरिकसामु आउँदो दशकको नेता चुन्न बाँकी वर्षहरू सग्लै रहनेछन । कान्तिपुर

# रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचन आयोगमा दर्ता



काठमाडौं । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ । शुक्रबार निर्वाचन आयोगले दल दर्ताको प्रमाणपत्र दिएको हो । उक्त पार्टीको नाम राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेशनल इन्डिपेन्ड पार्टी (एनआइपी) का रुपमा निर्वाचन आयोगमा दर्ता भएको छ । पार्टीको चुनाव चिह्न गोलाकारभित्रको घन्टी रहेको छ । आफूले घन्टी र गोलाकारभित्रको घन्टी विकल्प दिएर निर्वाचन आयोगमा दर्ता निवेदन दिएको लामिछानेले बताए । घन्टी अर्कै पार्टीको चुनाव चिह्न भएकाले गोलाकारभित्रको घन्टी पाएको हो । राष्ट्रिय स्वतन्त्र पार्टी दर्ता नगर्न स्वतन्त्र उम्मेदवारले गराएको निवेदन आयोगले खारेज गरिदिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचन आयोगमा दर्ता गराएका रवि लामिछानेले आफूहरूले दल सञ्चालनका लागि कुनै पनि व्यापारीसँग चन्दा नलिने घोषणा गरेका छन् ।

निर्वाचन आयोगमा दर्ता भएर निर्वाचन चिह्न पाएलगत्तै उनले यस्तो घोषणा गरेका हुन् । 'हामी चन्दा माग्ने कुराको विरोध गर्छौं । हामी पार्टीका सदस्यहरुबाट

बाँकी ६ पृष्ठमा

# राष्ट्रिय सुसेली मञ्च नेपालको सत्ताईसौं कार्यक्रम सम्पन्न



काठमाडौं । राष्ट्रिय सुसेली मञ्च नेपालले हरेक महिनाको तेस्रो शनिबार आफ्नो मासिक कार्यक्रम संचालन गर्दै आएकोमा यही असार १८ गते सत्ताईसौं कार्यक्रम स्थलगत रूपमा एभरेस्ट कलेज थापाथलीमा सम्पन्न गरेको छ । सुसेली महिला मञ्चको आयोजनामा भएको त्यस कार्यक्रममा महिला मञ्चकि संयोजक पुनम घिमिरेका तीन कृति माथि बिमर्श लगायत सुसेली गायन तथा रचना वाचन गरिएको थियो ।१०० भन्दा बढीको सहभागिता रहेको त्यो कार्यक्रममा ३५ जना कवि साहित्यकारहरूले सुसेली गायन तथा रचना वाचन गरेका थिए ।

सुसेली मञ्चका अध्यक्ष दुर्गा अधिकारी भमरकोटेको सभापतित्व र मञ्चकि उपाध्यक्ष सुशीला ढकाल अधिकारीको कुशल उद्घोषणमा संचालित कार्यक्रम डा. रेणुका शोलुको प्रमुख आतिथ्यता रहेको थियो । पुनम घिमिरेका तीन कृति अर्पण, बाल गीत संग्रह, आँखीभ्याल कविता संग्रह र अक्षरभरि पुनम गीति संग्रह माथि क्रमैसंग समीक्षा गर्नु हुनेहरूमा वेदज्ञाता तिलकप्रसाद लुइँटेल, डा.शैलेन्दुप्रकाश नेपाल र समिक्षक राजनप्रसाद न्यौपाने रहेका थिए । तीनैजनाले पुनमका कृतिहरूमा समीक्षा गर्दै सबैजसो सिर्जनाहरू उत्कृष्ट रहेको कुरा राखेर बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

सुसेली मञ्चका कोषाध्यक्ष कृष्ण केसीको स्वागत मन्तव्यबाट सुरु गरिएको त्यस कार्यक्रम सुसेली गायकहरूले असार विषयमा सुसेली गाउँदा पुरै सभाहल तालीको गडगडाहट र नाचले उल्लासमय बनेको थियो । कार्यक्रममा केही गजल, मुक्तक र कविताहरू समेत वाचन भएका थिए । कवि गीतकार पुनम घिमिरे र विमला ढकाल अधिकारीको जन्मदिन समेत परेको अवसरमा चकलेट र केकको रौनक छुट्टै थियो ।

कार्यक्रमका प्रमुख अतिथि डा.रेणुका शोलुले कवि गीतकार पुनम घिमिरेका कृतिहरू र जन्मदिनको शुभकामना दिदै पुनमले परिवारबाट पाएको सहयोगमा खुसी व्यक्त गरेकी थिइन । नारीहरूलाई पछाडि धकेल्न नारीहरूकै हात रहेको बताउदै अब नारीहरूले आफ्ना कमजोरीहरू पहिचान गरि त्यसको समाधान आफैंबाट सुरु गर्नुपर्ने कुरा उठाएकी थिइन। सुसेलीको कार्यक्रममा आउँदा अत्यन्तै खुसी लागेको र सुसेलीमा नाच्ने र गाउने अवसरको लागि सुसेली मञ्चलाई धन्यवाद दिँदै आफूले तत्काल रचना गरेका केही सुसेलीहरू लोक लयमा गाएर सुनाएकी थिइन ।

बिहान ११.३० मा सुरु भएको कार्यक्रम दिउसो ३।०० बजे सभापति भमरकोटेले सबै सहभागी र सहयोगीलाई धन्यवाद दिँदै यही असार २४ गते चलचित्र विकास वोर्ड सरस्वती नगरमा सुसेली मञ्चको सहकार्यमा प्रदर्शन गरिने चलचित्र अटिजम सबैले हेरि दिन अनुरोध गर्दै कार्यक्रमको समापन गरिएको थियो ।

कार्यक्रममा सुसेली गायन तथा रचना वाचन गर्ने कविहरू विमला ढकाल अधिकारी, सानू शर्मा, सुरेशचन्द्र घिमिरे, ओमप्रसाद कोइराला, उत्तम शर्मा, शान्ति शर्मा, मधुसूदन घिमिरे, विमला अधिकारी देवकोटा, वासुदेव गुरागाँइ, जानुका थापा रायमाझी, उत्तम विचार भेटुवाल, माधवप्रसाद उपाध्याय माधवानन्द, कवि काफ्ले, गणेशबाबु अधिकारी, आँचल शर्मा, पवनकुमार बुढाथोकी, सीता घिमिरे, धरणीधर गुरागाँइ, राधिका पुरी सानु, कृष्णप्रसाद पौडेल लगायत रहेका थिए ।

# आउन साथी आउ बोलको स्वदेश गानको सुटिङ रामेछाप बजारमा



रामेछाप । रामेछाप गोकुलगंगा गाउँपालिकाका पत्रकार तथा जन आकाश मिडिया प्रा.लि.का अध्यक्ष मोहन कार्कीद्वारा रचित आउन साथी आउ बोलको स्वदेश गीत पहिलो अंशको सुटिङ रामेछापका स्थानीय जनताको सहभागितामा सम्पन्न भएको छ ।

आउन साथी आउ बोलको गीतमा नेपाल लगायत अरु देशमा पनि सुटिङ गर्नुपर्ने भएको हुनाले भिडियोको काम अलि ढिलो भईरहेको गीतका लेखकले बताएका छन् ।

उनले गीतलाई किन रामेछापमा नै सुटिङ गर्नुपर्‍यो भनि पत्रकारहरुले सोधिएको प्रश्नमा रामेछाप मेरो जन्म भएको जिल्ला हो आफु जन्मेको भुमि स्वर्गभन्दा पनि प्यारो हुन्छ भन्ने कथन छ । तर मेरो भनाईमा सोध्नुहुन्छ भने मलाई जन्म दिने आमा जतिकै जिल्ला प्यारो लाग्छ । त्यसैले रामेछापलाई रोजेको हो ।

उनले थप्दै भने, याहा देख्नुभयो होला कुनै कलाकार बोलायर सुटिङ गरिएको छैन स्वत स्थानीयहरुलाई सहभागि गराईएको छ ।

वास्तवमा यो देशको माया गाउँ गाउँमा वस्ने सवै नेपालीलाई छ भन्ने आजको उपस्थितिले देखाउछ ।

रामेछापको गौरीशंखर क्याम्पसमा गरिएको सुटिङमा गीत बजाएको र जो जो स्थानीय स्वदेश गान सुनेर आए उनिहरुलाई नै सहभागी गरायर सुटिङ गरिएको थियो ।

उक्त गीतको भिडियो खिच्न रामेछापका जिल्लाका पत्रकार रामचन्द्र विक र राजन महतरा क्षेत्रीले सहयोग गरेका थिए ।

# राष्ट्रिय कृषि बधुँवा मजदुर संघर्ष समितिले अघि सार्‍यौं ७ बुँदे माग

काठमाडौं । राष्ट्रिय कृषि बंधुवा मजदुर संघर्ष समितिले सरकारले तत्काल आफूहरुको माग पूरा नगरे कडा आन्दोलन गर्ने चेतावनी दिएको छ । समितिले पूर्वी तराईका बारादेखि सुनसरीसम्म रहेका हरवा/चरवा समुदायको हालसम्म मुक्तिको घोषणा नभएकाले तत्काल ऋण खारेजी गरि मुक्तिको घोषणासहित न्यायिक पूनर्स्थापनाको कार्य थालनी गर्न माग गरेको छ । यस्तै, समितिले सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा रहेका छुट मुक्त कमैया, हलिया र कमलरीको पहिचान, प्रमाणीकरण गरि न्यायिक पूनर्स्थापना गर्नुपर्ने, कृषि बधुवा मजदुरहरु: हरवाचरवा, मुक्त हलिया तथा मुक्त कमैयाको शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकारहरु सुनिश्चित गर्नुपर्ने, विद्यमान असमान ज्याला अन्त्य गर्दै समान कामको समान र न्यायोचित ज्याला सुनिश्चितता गर्नपनि माग गरेको छ । समितिले तीनै तहका शासनका नीति निर्माण प्रकृयामा समन्यायिक (न्यायपूर्ण) र अर्थपूर्ण प्रतिनिधित्व र आवाजको सुनिश्चितता गर्नपनि माग गरेको छ। समितिले नीती तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्दा महिला, बालवालिका, अपाङ्गता भएका ब्यक्ति र जेष्ठ नागरिकहरुको अधिकारलाई केन्द्रबिन्दुमा राखि सम्बोधन गरिनुपर्ने र विद्यमान कमैया (बाँधा) श्रम निषेध ऐन २०५८ ले नेपालभरी छरिएर रहेका कृषिमा आधारित बाधा श्रमीकहरुको पहिचान, मुक्ति र पुन:स्थापनाको मुद्धालाई सम्वोधन गर्न असफल भएकोले तत्काल सबै बाधाश्रमीकहरुलाई सम्बोधन गर्ने बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## रामेछाप नगरपालिकाको आ.ब निति तथा कार्यक्रमसहित बजेट सार्वजनिक

रामेछाप । रामेछाप नगरपालिकाले आर्थिक वर्ष २०७९/८० का लागि निति,कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ । मितिः २०७९ असार ९ गते कार्यपालिकाका सदस्यहरु, नगरपालिकाका कर्मचारीहरु, सञ्चारकर्मीहरुको उपस्थितिमा नीति,कार्यक्रम तथा बजेट सार्वजानिक भएको हो ।




बजेटमा शिक्षा, स्वस्थ्य, कृषि, सडक र खानेपानीलाई प्राथमिक दिइएको छ । रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले ११ औं नगर सभामा नीति कार्यक्रम तथा बजेट प्रस्तुत गरेकी हुन् ।

प्रस्तुत नीति,कार्यक्रममा पर्यटकको रहर, फुलै फुलको सहर रामेछाप बासीको रहर ऐतिहासिक नगर स्व्च्छ पिउने पानी स्वस्थ जिन्दगानी, सिँचाइ सुविधा गह्रा गह्रा रामेछाप नगर हराभरा जेष्ठ नागरिक समाजको आधार घरघरमै स्वास्थ्य परिक्षण र उपचार,स्व्च्छ र स्वास्थ स्वास शान्त र शितल आवास उज्यालो नगर सुरक्षित शहर,स्थानीय सरकारको अपरिहार्यता उत्तरदायीत्व र पारदर्शिता, स्वास्थ्य नागरिक समृद्ध नगर, दिगो पुर्वधार सम्वृद नगरको आधार र महिलासँग उपेयर जस्ता महत्वपुर्ण नीति तथा कार्यक्रमहरुलाइ प्राथमिक राखेर बजेट सार्वजानिक भएको छ ।

नगरपालिकाले अघिल्लो आर्थिक वर्षमा पुरा हुन नसकेका योजनालाई नै निरन्तरता दिने जनाएको छ । नगरपालिकाका उपप्रमुख बालकुमारी कार्कीले ७४ करोड ६५ लाखको बजेट सभामा प्रस्तुत गरेकी थिइन ।

रामेछाप नगरपालिकामा नेपाली कांँग्रेसको बहुमत संख्याले कार्यपालिका विजयी हाशिल गरेको छ ।

यो भन्दा अगाडी स्थानीय तहको नेतृत्व पनि नेपाली कांँग्रेसको नै भएको हुनाले पहिलाका सवै कार्यक्रमलाई निरन्तरता दिदा रामेछाप नगरपालिकाको बिकासमा थप टेवा पुग्ने अनुमान गरिएको छ । गएको ७८/८९ आर्थिक बर्षको बजेट तर्जुमा गर्दा त्यस नगरपालिकामा प्रमुख प्रसाशकीय अधिकृत रामचन्द्र लामगाधे रहेका थिए । हाल पनि उनै लामगाधे अधिकृतको रुपमा रहेका र कमेष्ट्री मिलेको हुदा रामेछाप नगरपालिकाले सोचे जस्तो विकासका काम, सचेतनामुलक कार्यक्रम, पर्याटनको विकास, मनवीयताको रक्षा, शिक्षामा सवलीकरण, स्वास्थ्यमा सरलीकरण गर्न सक्ने आधार हुन सक्ने जन विश्वास रहेको छ ।

त्यो काम गर्ने जनप्रतिनिधिको कार्यक्षमतामा भर पर्ने कुरा हो । निकट भविष्यमा काम कस्तो हुन्छ । परिणाम आउदा दिनमा जनताले देख्न पाउने छन् । परिणाम नआउदासम्म नीति तथा कार्यक्रमलाई नै विश्वास गर्ने आधार बजेट सार्वजानिक भएको छ ।

## लिखु तामाकोशी गाउँपालिकाद्धारा अनुगमन तिव्र

रामेछाप । रामेछाप जिल्लाको लिखु तामाकोशी गाउँपालिकाले बिकास निर्माणको कामलाई तिव्र बनाएको छ । गाउँपालिकाले गएको आर्थिक बर्ष



२०७८/७९ विनियोजित बजेटवाट भइरहेको काम यो आर्थिक असार मसान्तसम्म कार्यन्वयन गरिसक्नुपर्छ त्यसैले धेरै ठाउँहरुमा काम भईरहेका छन् । ति कामहरु हतार हतारमा गर्दा गुणस्तरमा समस्या होला भनेर प्रत्येक दिन हामी अनुगमन गरिरहेको त्याहाका प्रमुख प्रशासकीय अधिकृत नविन कुमार शाहले बताएका छन् । मितिः २०७९ असार १८ गते शनिवार पनि गाउँपालिकाकी उपप्रमुख दीपा पाखिनको नेतृत्वमा लिखु तामाकोशी गाउँपालिकाको वाडन ६ खिम्ति क्षेत्रको अनुगमन गरेका थिए ।

## रामेछापमा बालिका बलत्कृत

रामेछापमा एक बालिकामाथि जबरजस्तीकरणी भएको अस्पतालको रिपोर्टले देखाएको छ । बालिकामाथि जबरजस्तीकरणी भएको आरोपमा प्रहरीले रामेछाप नगरपालिका-४ हिमगंगामा सुन्तलेटारका ६२ श्याम प्रसाद घिमिरेलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । घिमिरेले नै जबरजस्तीकरणी गरेको हो कि होइन भन्ने पुष्टि गर्नको लागि प्रहरीले पीडित र पीडक दुवै जनाको स्वाब संकलन गरेर काठमाडौं पठाइसकेको छ ।

मन्थली अस्पतालमा बालिकाको स्वास्थ्य परीक्षण रिपोर्टमा जबरजस्तीकरणी भएको रिपोर्ट प्राप्त भएको जिल्ला प्रहरी कार्यालय रामेछापका एक अधिकृतले बताए ।

## सिभिल बैंकको ८८ औं एटियम पोखराको लेकसाईडमा

कास्की । समृद्धिका लागिसिभिल बैंक भन्ने नाराका साथ अगाडी बढिरहेको सिभिल बैंकले पोखराको लेकसाईडमा नयाँ एटियम संचालनमा ल्याएको छ । उक्त एटियमको उद्घाटन बैंकका अध्यक्ष प्रतापजङ्ग पाण्डेले गरेका छन् ।




उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन समारोहमा बैंकका संचालक समितिका सदस्यहरु अम्वीर बोगटी, भिमानन्द ढुंगाना,प्रमुख कार्यकारी अधिकृत सुनील पोखरेल, बैंकका चिफ विजिनेस डिपोजिट तथा ट्रान्जेक्सन बैंकिंग भोला बहादूर विष्ट, गण्डकी प्रदेशका प्रमुख समीर केसी लगायतको उपस्थिति रहेको थियो ।

हालसम्म रु. ९२ अर्वभन्दा वढी निक्षेप परिचालन गरी करीव रु. ८८ अर्व कर्जा लगानी गरीसकेको सिभिल बैंकको यसएटियम सहित एटिएम संख्या ९९ पुगेको बैकले उल्लेख गरेको छ ।

## ज्योति विकास बैंकको ज्योति रिकरिङ्ग खाता संचालनमा

ज्योति विकास बैंकले ज्योति रिकरिङ्ग डिपोजिट निक्षेप योजना संचालनमा ल्याएको छ। ग्राहकहरुलाई अधिकतम लाभ प्रदान गराउनुका साथै नियमित बचत गर्ने बानीको विकास गराउने उद्देश्यका साथ आकर्षक ब्याजदर सहितको




ज्योति रिकरिङ्ग खाता संचालनमा ल्याइएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

उक्त योजना अन्तर्गत ग्राहकहरुले आवश्यकता अनुसार १ वर्ष देखि १० वर्ष सम्मका लागि मासिक रुपमा रकम जम्मा गर्न सक्नेछन्। व्यक्तिगत ग्राहकलाई लक्षित गरी ल्याइएको यस खातामा मासिक रुपमा न्यूनतम रु. ५०० का दरले क्रमिकरुपमा रकम जम्मा गर्दै जान सकिने बैंकले जनाएको छ ।

## कुमारी बैंक र नेपाल ल्याब हाउस प्रा. लि. बीच सम्झौता

काठमाडौं । आफ्ना ग्राहकहरुलाई स्वदेशमै गुणस्तरीय स्वास्थ्योपचारमा सहुलियत दिने उद्देश्यले कुमारी बैंक लिमिटेडले, नेपाल ल्याब हाउससँग सम्झौता गरी आफ्ना सेवाग्राहीहरूलाई विभिन्न सुविधा उपलब्ध गराउने व्यवस्था गरेको



छ ।

सो सम्झौता-पत्रमा कुमारी बैंकका मार्केङ्ग प्रमुख नवीन मुनि बज्राचार्य तथा नेपाल ल्याब हाउसका तर्फबाट प्रबन्ध निर्देशक बिदुर प्रसाद वस्तीले हस्ताक्षर गर्नुभयो । उक्त सम्झौता-पत्र अनुसार नेपाल ल्याब हाउसका विभिन्न स्वास्थ्योपचार सेवा शुल्कमा कुमारी बैंकको डेबिट तथा क्रेडिट कार्ड मार्फत भुक्तानी गर्दा २५ प्रतिशतसम्मको आकर्षक छुट प्राप्त गर्न सक्नेछन् ।

कुमारी बैंकले आफ्ना देशव्यापी १९७ शाखा सञ्जाल, १८६ एटिएम, ४६ शाखारहित बैंकिङ्ग ईकाई तथा २४ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ्ग सुविधाहरु दिँदै आएको र आगामी दिनहरुमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लगिने प्रतिबद्धता जनाएको छ ।

## एभरेष्ट बैंकद्वारा मंगलबजार ललितपुरमा नयाँ एक्सटेन्सन काउन्टर उद्घाटन

एभरेष्ट बैंक लिमिटेडले समाजमा रहेको ठुलो तथा फैलिएको वर्गलाई अत्याधुनिक बैंकिङ्ग सेवा र सुबिधाहरु उपलब्ध गराउनका लागि ललितपुरको मंगलबजारमा आफ्नो नयाँ एक्सटेन्सन काउन्टर उद्घाटन गरेको छ ।

ललितपुर वडा नं. १६ का अध्यक्ष निर्मल रत्नशाक्य, ललितपुर चेम्बर अफकर्मसका अध्यक्ष मनोज बहादुर न्याछोनर एभरेष्ट बैंकका सञ्चालक उर्मिला श्रेष्ठले संयुक्त रुपमा मंगलबजार एक्सटेन्सन काउन्टरको उद्घाटन गरेका छन् ।



उक्त उद्घाटन समारोहमा स्थानीय व्यावसायी अजर मान जोशी, एभरेष्ट बैंकका नायब प्रमुखकार्यकारी अधिकृत बिजयकुमार गौतम, बैंकका बाग्मती प्रदेशका प्रादेशिक-प्रबन्धक सन्तोष कुमार भट्टराई, बैंकका बजार विभाग प्रमुख पुष्पराज उप्रेतीलगायतको उपस्थिती रहेको थियो ।

स्थापनाकाल देखिनै ग्राहकहरुको पहिलो रोजाइको यस बैंकमा हालसम्म करिब १२ लाख सन्तुष्ट ग्राहकहरु रहेका छन् तथा देशैभरि छरिएर रहेको आफ्नो ११६ शाखा संजाल, प्रादेशिक कार्यालय, १५० एटिएम सहित विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल र इन्टरनेट र एसएमएस बैकिंग सुविधा प्रदानगर्दै आइरहेको छ । यस बैंकले नेपाल सरकारको राजस्व संकलनको लागि ३१ वटा संकलन केन्द्रबाट समेत सेवा दिँदै आइरहेको छ ।

## एन आई सी एशिया बैंकद्वारा मोबाइल बैंकिङ एपलाई ओम्नीच्यानल एपमा स्तरोन्नति

डिजिटल बैंकिङमा अग्रणी स्थानमा रही नवीनतम प्रविधिद्वारा बैंकिङ सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको एनआईसी एशिया बैंकले ओम्नीच्यानल प्रणालीमा आधारित मोबाइल बैंकिङ एप (एनआईसी एशिया मोबैंकको शुभारम्भ गरेको छ ।

'डिजिटल फस्ट बैंक' बन्ने दीर्घकालीन रणनीतिअनुरुप सम्पूर्ण बैंकिङ सेवा तथा सुविधा क्रमिक रुपले डिजिटल माध्यमबाट प्रदान गर्ने उद्देश्यले बैंकले यस ओम्नीच्यानल एपमार्फत जुनसुकै स्थानबाट, जुनसुकै समयमा स्मार्ट फोनबाटै अधिकतम बैंकिङ सेवाहरु उपभोग गर्न मिल्ने हिसाबले बैंकमा खाता भएका एवं नभएका ग्राहकलाई लक्षित गर्दै यो नयाँ सेवाको शुभारम्भ गरेको हो । हालका एनआईसी एशिया मोबैंक प्रयोगकर्ताले वर्तमान एनआईसी एशिया मोबैंक एपलाई अपडेट गरी ओम्नीच्यानल एपमा स्तरोन्नति गर्न सक्नेछन् भने नयाँ ग्राहकले प्ले स्टोर वा एप स्टोरबाट डाउनलोड गरी प्रयोग गर्न सक्नेछन् ।

'सबथोक यसमै छ' भन्ने नाराका साथ सुरु गरिएको ओम्नीच्यानल एपबाट ग्राहकले अधिकतम बैंकिङ सेवाहरु सहज एवं सरल रुपमा उपभोग गर्न सक्नेछन् र निकट भविष्यमा अझ बढी सेवाहरु यसै एपमार्फत दिन तयारी बैंकले गरिरहेको छ । स्तरोन्नतिपश्चात यस एपबाट ग्राहकले नगद जम्मा तथा चेक जम्मा गर्न आवेदन दिनेदेखि नयाँ डेबिट कार्ड तथा प्रिपेड डलर कार्ड अनुरोध, मुद्दति खाता खोल्न, चेक अनुरोध, ई-कमर्श सुचारु, स्किम ट्रान्सफर, लकर सुविधा लिनलगातका धेरैभन्दा धेरै बैंकिङ सेवा ओम्नीच्यानल एपमार्फत डिजिटल

NIC ASIA

प्राप्त गर्न सक्नेछन् ।

यसका साथै एनआईसी एशिया बैंकमा खाता नहुनेहरुले पनि यस एप डाउनलोड गरी डिजिटल वालेटका रुपमा प्रयोग गर्न सक्नेछन् । जसबाट समेत क्यूआर भुक्तानी, युटिलिटी बिल भुक्तानीलगायत अनेकौं सेवा लिन सकिनेछ ।

ग्राहकको उक्त वालेटमा केवाईसी अद्यावधिक गरेपश्चात् भने सो वालेट प्रयोगकर्तालाई बैंकको खातावाला बन्न समेत सकिने व्यवस्था रहेको छ ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५९ शाखा कार्यालयहरु, ४७३ एटिएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङमार्फत् बैंकिङ सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ। उत्तरदायी बैंकिङको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.३ अर्ब १६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ। जुन मुलुकको वाणिज्य बैंकहरुमध्ये दोस्रो धेरै एवं समग्र देशको अन्य कम्पनीहरुको तुलनामा छैठौं ठूलो योगदान रहेको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरु स्थापना गरेको छ ।

# अर्थ संसार

## बैंक अफ काठमाण्डूका ग्राहकलाई युरोपा फिटनेस सेन्टरमा २५%को छुट

बैंक अफ काठमाण्डू लिमिटेड र युरोपा फिटनेस सेन्टर बिच बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग बाट क्यूआर कोड स्क्यान



गरी भुक्तानी गर्दा बैंकको आदरणीय ग्राहक महानुभावहरुलाई २५% छुट उपलब्ध गराउने सम्झौता भएको छ । यस सम्झौता पश्चात् ग्राहक महानुभावहरुले युरोपा फिटनेस सेन्टरमा उपलब्ध हुने फिटनेस सेवाहरुमा एकमुष्ठ २५%को छुट पाउनुहुनेछ । उक्त छुटको उपयोग गर्नको लागि ग्राहक महानुभावहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ । युरोपा फिटनेस सेन्टरले ललितपुरको ग्वार्कोबाट सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा तथा सुबिधाहरु प्रदान गर्दै आईरहेको छ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले १०३ शाखा कार्यालयहरु, ९७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आइरहेको छ ।

## महालक्ष्मी विकास बैंकद्वारा विद्यालयमा खानेपानी व्यवस्थापन

महालक्ष्मी विकास बैंक लिमिटेड भक्तपुर शाखाले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तरगत चाँगुनारायण नगरपालिका वडा नं ६, नगरकोट, वेशीटोल स्थित रहेको चेतना आधारभूत विद्यालयमा बालमैत्री खानेपानीको धारा निर्माण गरी विद्यालयलाई हस्तान्तरण गरेको छ । विद्यालयमा आयोजित एक विशेष समारोहकाबीच भक्तपुर शाखाका शाखा प्रबन्धक अनु श्रेष्ठले उक्त बालमैत्री धारा विद्यालयलाई हस्तान्तरण गर्नुभएको हो । यस प्रकारको सहयोगले उक्त विद्यालयमा रहेका बालबालिकाहरुलाई स्वस्थ पिउने



पानीउपलब्धहुनुका साथै उनीहरुको सरसफाईमा सहयोगपुग्ने विश्वास बैंकले लिएको छ । आगामी दिनहरुमा पनि सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक रुपान्तरणका विभिन्नकार्यक्रमहरु सञ्चालन गर्ने बैंकले जनाएको छ । यस बैंकले प्रदेश नं १ मा ५, प्रदेश नं २ मा १५, बाग्मती प्रदेशमा ३७, गण्डकी प्रदेशमा ९, लुम्बिनी प्रदेशमा १८, कर्णली प्रदेशमा २ र सुदुरपश्चिम प्रदेशमा १७ वटा गरी कुल १०३ वटा शाखाहरुमार्फत करिब ६ लाख् गहककहरुलाई उच्चस्तरिय वित्तिय सेवाहरु सरलिकृत तवरले प्रदान गर्दै आईरहेको छ । बैंकले ग्राहकहरुको वैदेशिक यात्राको क्रममा कारोबार थप सुरक्षित, सहज र भरपर्दो होस् भन्ने उद्देश्यले ख्क्क्ब भ्ःख अजष्उक दबकभम तचबखर्भा ऋबचम, भऋगृक्ष्भचअभ अबचम र म्यााबिच अबचम जारी गरीसकेको छ । समग्रमा अजष्उ दबकभम तचबखर्भा ऋबचम, भऋगृक्ष्भचअभ अबचम / म्यााबिच अबचम जारी गर्ने अग्रणी तथा एक मात्र विकास बैंक : महालक्ष्मी विकास बैंक रहेको छ । सबल बैंक, सफल सहकार्य को नारालाई आत्म साथ गर्दै बैंकले नेपाली जनताको घरदैलोमा विगत २८ वर्ष देखि अनवरत रुपले गुणस्तरिय वित्तीय सेवाप्रदान गर्दै आएको छ ।

## सानिमा बैंकको शाखा काठमाडौंको नेपालटारमा

सानिमा बैंकले काठमाडौंको तारकेश्वर नगरपालिका-११ नेपालटारमा बैंक शाखा स्थापना गरी बैंकिङ सेवा विस्तार सुरुवात गरेको छ । उक्त शाखाको वरिष्ठ कलाकार मदन कृष्ण श्रेष्ठ र यस बैंकका सञ्चालक गायत्री थापाले संयुक्त रुपमा उद्धाटन गरेका छन् । उद्घाटन समारोहमा ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकार श्रेष्ठ र बैंकका सञ्चालक गायत्री थापाले काठमाडौंको नेपालटारमा सानिमा बैंकको कार्यालय सञ्चालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरे । बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले बैंकका ग्राहक तथा समस्त सरोकारवालाहरुलाई निरन्तर सहयोग एवम् सदभावका लागि कृतज्ञता व्यक्त गरे । सानिमा बैंकको देशका सातै प्रदेशमा १२७ कार्यालय र ११८ वटा एटीएम सञ्चालनमा रहेका छन् ।

# बिज्ञापन बोर्डद्धारा नयाँ आचारसंहिता लागु

काठमाडौं । नेपालमा विज्ञापन क्षेत्रलाई स्वच्छ र मर्यादित बनाउनको लागि पहिलो पटक विज्ञापन उत्पादन, प्रसारण र वितरण सम्बन्धी आचारसंहिता वनाई सार्वजनिक गरिएको छ।विज्ञापन बोर्डले तयार पारेको आचारसंहिता सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले सो आचारसंहिता सार्वजनिक उदघाटन गरी सार्वजानिक गरेका छन् ।




कार्यक्रममा मन्त्री सहित सञ्चार तथा सूचना मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्याल, विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, नेपाल विज्ञापन संघ नेपालका अध्यक्ष सोम धिताल, मिडिया सोसाईटीका महासचिव मदन लम्साल, नेपाल पत्रकार महासंघका सभापति विपुल पोखरेल, बरिष्ठ पत्रकार बबिता बस्नेत, सञ्चारीका समुह नेपालका अध्यक्ष बिमला तुम्खेवाले समेतको उपस्थितिमा सञ्चारमन्त्री कार्कीले उक्त आचार संहिता सार्वजनिक गरेका थिए ।

सरोकारवालाहरुले लामो समयदेखि माग गर्दै आएको उक्त आचारसंहिता विज्ञापन बोर्डको गठन पछि सरोकारवाला र विज्ञसँग छलफल र अन्तरक्रिया पश्चात विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ (ग) बमोजिम निर्माण गरी कार्यान्वयनमा ल्याईएको हो। आचारसंहिताले विज्ञापन बजारमा देखिएका अपारदर्शी तथा अस्वस्थ्य प्रतिष्पर्धा लगायतका विकृति तथा विसंगतिलाई कम गरी विज्ञापन क्षेत्रलाई स्वच्छ र मर्यादित बनाउने तथा उपभोक्तालाई गुणस्तस्तरीय वस्तु तथा सेवा प्राप्तिमा सुनिश्चितता प्रदान गर्ने विश्वास लिएको विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईले सार्वजानिका कार्यक्रममा सम्बोधनको क्रममा बताएका थिए ।

विज्ञापन आचारसंहिताले विज्ञापन बजारलाई पारदर्शी बनाई विज्ञापन व्यवसायलाई मर्यादित बनाउने विश्वास बोर्डले लिएको छ। आचारसंहितामा विज्ञापन गर्न हुने र नहुने विषयवस्तुका सम्बन्धमा स्पष्ट रुपमा उल्लेख गरेको छ। यहि असार १९ गते सार्वजनिक गरिएको आचार संहितमा उपभोक्ताको हक हितको संरक्षण, महिला, वालवालिका तथा पिछडिएका बर्गको हितको संरक्षण जस्ता विषयवस्तुहरु समेटिएका छन्। विज्ञापनको उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणमा संलग्नर व्यक्तिले पालना गर्नुपर्ने आचरणका विषयमा आचारसंहिता केन्द्रीत छ। विज्ञापन उत्पादन गर्दा मौलिक सृजनालाई प्राथमिकता दिने, स्वदेशी कला र सँस्कृतिलाई प्रोत्साहन गर्ने व्यवस्था समेत गरिएको छ। अरुको नक्कल गर्न नहुने लगायतका विषयमा आचारसंहितमा विशेष व्यवस्था गरिएको छ ।

आचारसंहिताका बिषयबस्तुहरु सामाजिक मर्यादा कायम गर्न, महिला तथा वालवालिको विज्ञापनमा दुरुपयोग हुनबाट रोक्न,उपभोक्ताको हितको संरक्षण गर्न, स्वच्छ प्रतिष्पर्धात्मक वातावरण सृजना गर्न परिलक्षित छन्। आचारसंहितामा स्थलगत तथा डिजिटल माध्यमबाट हुने विज्ञापनको उत्पादन, वितरण तथा प्रकाशन वा प्रसारण गर्दा अपनाउनु पर्ने आचारणका बिषयमा स्पष्ट व्यवस्था गरिएको छ।

आचारसंहिताले विज्ञापन उत्पादनमा मौलिक, सृजनशिल र व्यवसायिक हुनुपर्ने कुरामा जोड दिएको छ। त्यसैगरी विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गर्दा आधिकारिक र प्रामाणिक हुनु पर्ने, भ्रमपुर्ण र दोहोरो अर्थ लाग्ने विज्ञापन गर्नु गराउन नहुने, विज्ञापनदाताको परिचय स्पष्ट खुल्नु पर्ने तथा विज्ञापनमा उल्लेख भएको गुणस्तर र मात्रा बजारमा वितरित वस्तु तथा सेवामा अनिवार्य रुपमा हुनुपर्ने व्यवस्था समेत गरिएको उल्लेख छ ।

विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण गर्दा विज्ञापन बोर्डमा सूचीकृत सञ्चाररमाध्यममा मात्र गर्नुपर्ने, स्वदेशी सञ्चाारमाध्यमलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ । विज्ञापनदाताले विज्ञापन एजेन्सी परिवर्तन गर्दा पुरानो एजेन्सीको वक्यौता चुक्ता गर्नुपर्ने, सम्भव भएसम्म प्रदेश तथा स्थानीय तहका विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रादेशिक तथा स्थानीय सञ्रुचारमाध्यमलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था समेत आचारसंहितामा उल्लेख छ ।

विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा तोकिएको स्थान, समयमा गर्नुपर्ने, विज्ञापन प्रकाशन भएको पत्रिकाको अंक कसैलाई लाभ वा हानि पुर्याउने नियतले बजारमा जान रोक्ने जस्ता दुष्कर्म कदापि गर्न नहुने जस्ता व्यवस्था आचारसंहिताले गरेको छ। प्रकाशित वा प्रसारित नै नभएको विज्ञापन प्रकाशन तथा प्रसारण भएको भनी भुक्तानी माग गर्ने, विज्ञापन प्रकाशन वा प्रसारणको अनुरोध वेगर नै विज्ञापन प्रकाशित गरी भुक्तानी माग गर्ने लगायतका जबरजस्ती गर्ने क्रियाकलाप गर्न नपाउने व्यवस्था आचारसंहिताले गरेको छ ।

विज्ञापनलाई समाचारको रुपमा र समाचारलाई विज्ञापनको रुपमा प्रकाशन तथा प्रसारण गर्न नपाउने व्यवस्था आचारसंहितामा गरिएको छ। सामाजिक सञ्जामलमा विज्ञापन गर्दा सामाजिक संजालले नियामक निकायबाट अनुमति लिनुपर्ने व्यवस्था आचारसंहितामा गरिएको उल्लेख छ ।

विज्ञापन बजार अपारदर्शी भएको गुनासो आईरहेको वेला विज्ञापनको आचारसंहिताले विज्ञापन बजारलाई पारदर्शी बनाउने अपेक्षा बोर्डले गरेको छ। त्यसका लागि सञ्चोरमाध्यमले आफ्नो दर सार्वजनिक गर्नुपर्ने र त्यसमा दिने छुटसम्म खुलाउनु पर्ने, सार्वजनिक गरिएको दररेटमा घटि वा वढी गरी कारोवार गर्न नपाईने, विज्ञापन एजेन्सीले सञ्चापरमाध्यमले तोकेकै दररेटमा कारोवार गर्नुपर्ने, सरकारी निकायले सञ्चाआरमाध्यमको बीलको प्रतिलिपि हेरेर मात्र उक्त बीलमा एजेन्सी कमिशन दिनुपर्ने भए एजेन्सी कमिशन समेत खुलाएर बनाएको बीलमा मात्र भुक्तानी गर्नुपर्ने, विज्ञापन करोवार गर्दा त्रिपक्षीय सम्झौताको आधारमा गर्नुपर्ने जस्ता व्यवस्था गरिएको छ। सञ्चार माध्यमले दररेट निर्धारण गर्दा आफ्नो प्रभाव, पहुँच र लोकप्रियताको आधारमा मात्र गर्नुपर्ने व्यवस्था आचारसंहितामा गरिएको उल्लेख छ ।

विज्ञापन बजारलाई पारदर्शी बनाउन विज्ञापन बोर्डमा सूचीकृत सञ्रुचारमाध्यममा मात्र कारोवार गर्नुपर्ने, बोर्डमा सूचीकृत एजेन्सीसँग मात्र कारोवार गर्न सकिने व्यवस्था आचारसंहिताले उललेख गरेको छ ।

विज्ञापनको आचारसंहिताले भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउन विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई ३० दिन भित्र भुक्तानी दिनुपर्ने, एजेन्सीले सञ्चमाध्यमलाई ६० दिन भित्र भुक्तानी गर्नुपर्ने व्यवस्था समेत गरेको छ। तोकिएको समयमा भुक्तानी प्राप्त नभए बोर्डमा उजुरी दिन सकिने र बोर्डले भुक्तानी समयमा नगर्ने विज्ञापनदाता तथा एजेन्सीलाई कालोसूचीमा राखि अन्य सञ्चातरमाध्यममा समेत कारोबार गर्न नपाउने व्यवस्था आचारसंहिताले गरेको छ।

विज्ञापनदाताले आफुले चाहेको सञ्चामरमाध्यममा विज्ञापन गर्न पाउनु पर्ने, एउटा सञ्च माध्यममा विज्ञापन गरेको आधारमा आफ्नो सञ्चाारमाध्यममा विज्ञापन गर्न दवाव दिन नहुने लगायतको व्यवस्था गरी सञ्चार माध्यम चयनको हक विज्ञापनदातामा रहने व्यवस्था समेत आचारसंहिताले उल्लेख गरेको छ ।

# खहरेघाटमा सुकुम्बासी बस्तीको कथा

काठमाडौं । नाटक महोत्सव-२०६३ मा पुरस्कृत 'खहरेघाट'लाई निर्देशक किशोर अनुरागले टेलिसियिलमा उतारेका छन् । आनन्द प्रभाकर घिमिरेद्वारा छायांकृत सिरियलमा समिर मियाको सम्पादन र शशीविक्रम थापाको शीर्षगीत छ ।




टेलिशृंखलामा देशभक्त खनाल, विद्या कार्की, किशोर अनुराग, लव शर्मा, इच्छा सिंह, सुविना श्रेष्ठ, सन्तोष थापा, साक्षी सिंह भण्डारी, सुमन विष्ट, रीता थापा, शशी थापा, दिनेश खड्का लगायतले अभिनय गरेका छन् ।

सुकुम्बासी बस्तीको कथा समेटिएको सिरियल नेपालको पूर्वी भेगमा छायांकन गरिएको कथाकार तथा निर्देशक अनुरागले जानकारी दिएका छन् । उनका अनुसार १८ असार बेलुका ७:३० बाट नेपाल टेलिभिजनबाट प्रसारण सुरु 'खहरेघाट' हरेक साता शनिबार यही समय प्रसारण हुनेछ ।

पटकथा तथा मुख्य सहायक निर्देशक इच्छा सिंह रहेको 'खहरेघाट'का निर्मातामा आनन्दप्रभाकर घिमिरे र हरि भण्डारी तथा कार्यकारी निर्माता निदेश अधिकारी

# शेखर कोइराला समूहले निकालेको निश्कर्षमा असहमत छु : रमेश लेखक

काठमाडौं । नेपाली कांग्रेसका प्रभावशाली नेता तथा पूर्वमन्त्री रमेश लेखकले पार्टी सभापति शेरबहादुर देउवा पार्टी र सरकार दुवै मोर्चामा सफल भएको दाबी गरेका छन् । शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै नेता लेखकले पार्टी सभापति एवम् प्रधानमन्त्री देउवा पार्टी र सरकार दुवै मोर्चामा सफल भएको कुरा कामबाट प्रमाणित भएको बताएका हुन् । क्लबका प्रतिनिधि ईश्वर कार्कीको बाँकी ६ पृष्ठमा

# खेलकुद

## नेकोस स्याङ्जाको अध्यक्षमा मनोज खड्का

स्याङ्जा । नेपाल खेलकुद महासंघ स्याङ्जाको अध्यक्षमा मनोज खड्का निर्वाचित भएका छन् । गत शुक्रबार स्याङ्जामा सम्पन्न दोश्रो जिल्ला अधिवेशनले मनोजको अध्यक्षतामा २९ सदस्यीय कमिटी सर्वसम्मत निर्वाचित गरेको हो ।

अधिवेशनले सम्झना थापा र सालिकराम न्यौपानेलाई उपाध्यक्ष चयन गर्‍यो भने राजु ख्याम काफ्ले सचिव चुनिए । त्यसैगरी सहसचिवमा विमल परियार तथा कोषाध्यक्षमा चन्द्रकान्त पौडेल निर्वाचित भए ।

नेकपा एमालेका जिल्ला अध्यक्ष सुर्य प्रसाद गैह्रे पारसको प्रमुख आतिथ्यतामा सम्पन्न अधिबेशनलाई एमाले प्रदेश कमिटी सदस्य सुधीर पौडेल तथा नेपाल खेलकुद महासंघका स्थायी कमिटी सदस्य कपिल न्यौपाने, महासंघ केन्द्रीय सदस्य एवम् जिल्ला ईन्चार्ज मोहन गुरुङ र राष्ट्रिय परिषद सदस्य अकं घर्ती मगर लगायतले सम्बोधन गरेका थिए ।

नव निर्वाचित कमिटीलाई महासंघका स्थायी कमिटी सदस्य कपिल न्यौपानेले पद तथा गोपनियताको सपथ गराएका थिए । सम्बोधनकै क्रममा न्यौपानेले आगामी मङ्सिर १४ गते महासंघको स्थापना दिवसका अवसरमा देशव्यापी खेलकुद महोत्सव गरिने जानकारी दिए ।

## अफ्रिकन कप अफ नेसन्स सर्‍यो

काठमाडौं । आइभरी कोस्टमा अर्को वर्ष तय भएको अफ्रिकन कप अफ नेसन्स सरेको छ ।




यसअघि २०२३ जुन-जुलाईमा प्रतियोगिता हुने भनिए पनि आईभरीकोष्टमा पानी पर्ने मौसम भएकाले प्रतियोगिता सन् २०२४ को जनवरी-फेब्रुअरीका लागि सारिएको हो ।

आइभरी कोस्टमा वर्षाको समय हुने भएकाले प्रतियोगिता सारिएको कन्फेडेरेसन अफ अफ्रिकी फुटबल (काफ) का अध्यक्ष प्याट्रिस मोत्सेपेले बताएका छन् । उनले जोखिम लिन नचाहेकोले सारिएको बताए ।

यसै वर्ष नोभेम्बर डिसेम्बरमा कतारमा विश्वकप आयोजना हुने भएकाले अफ्रिकन कपको मिति अघि सार्नु भन्दा पछि गर्नु उपयुक्त मानिएको हो । यसअघि यसै वर्ष जनवरीमा क्यामरुनमा भएको संस्करणको उपाधि सेनेगलले जितेको थियो ।

## महिला साफ च्याम्पियनसिप नेपालमा आयोजना हुने

काठमाण्डौ । महिला साफ च्याम्पियनसिप नेपालमा आयोजना हुने भएको छ । बंगलादेशको ढाकामा बसेको दक्षिण एसियाली फुटबल महासंघ (साफ) को कार्यकारी समितिको बैठकले साफ च्याम्पियनसिप नेपालमा गर्ने निर्णय गरेको हो । अखिल नेपाल फुटबल संघ (एन्फा) का महासचिव किरण राईले महिला साफ आयोजनाका लागि प्रस्ताव पेश गर्नुभएको थियो । त्यही प्रस्तावलाई समितिले अनुमोदन गरेको हो । साफ च्याम्पियनसिप भदौ १३ देखि २५ सम्म आयोजना हुनेछ । नेपालले यस अघि पाँचौं संस्करणको महिला साफ आयोजना गरेको थियो । विराटनगरमा आयोजना भएको साफको उपाधि भारतले जितेको थियो । नेपाल फाइनलमा भारतसँग पराजित भएको थियो ।

## फिफाले पाकिस्तानमाथिको प्रतिबन्ध हटायो

काठमाण्डौ । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले पाकिस्तान फुटबल फेडेरेसन (पीएफएफ) माथि लागेको प्रतिबन्ध हटाएको छ । फिफाले एक विज्ञप्ति निकालेर पाकिस्तान फुटबल फेडेरसनमाथिको प्रतिबन्ध हटाइएको जनाएको हो । फिफाले सन् २०२१ को अप्रिलमा पीएफएफमा तेस्रो पक्षको अनावश्यक हस्तक्षेप भएको भन्दै प्रतिबन्ध लगाएको थियो । प्रतिबन्धपछि मलिक हारोनको नेतृत्वमा एउटा कमिटी गठन गरिएको थियो । कमिटीले पीएफएफ पूर्णरुपमा आफ्नो मातहतमा ल्याएको कारण प्रतिबन्ध हटाइएको फिफाले जनाएको छ । तर फिफाले कमिटीलाई काममा बाधा गरिएमा फेरि प्रतिबन्ध गरिने चेतावनी समेत दिएको छ ।

## पोखरा स्पोर्टस् अवार्ड : प्रदीप र अरुणा सर्वोत्कृष्ट

कास्की । पोखरा स्पोर्टस अवार्डको छैंठौ संस्करणमा टेनिसका प्रदीप खड्का र भलिबलकी अरुणा शाहीले सर्वोत्कृष्ट वर्ष खेलाडीको उपाधि जितेका छन् । खेलकुद पत्रकार मञ्च गण्डकीले शनिबार अबेर भएको घोषणामा लाइफ टाइम अचिभमेन्ट सहित विभिन्न ७ विधामा आवार्ड वितरण गरेको थियो । पुरुषतर्फ सर्वोत्कृष्ट खेलाडी बनेका प्रदीप खड्काले ब्याडमिन्टनका विधान अधिकारी र करातेका बुद्ध लामालाई पछि पार्दै उपाधि जिते । त्यसै गरी अरुणाले क्रिकेटकी मनिषा उपाध्याय र करातेकी सरगम कुमाललाई पछि पार्दै उपाधि जितेकी थिइन् । उनको कप्तानीमा नेपालले २०७८ सालमा ढाकामा भएको सेन्ट्रल जोन भलिबल प्रतियोगितामा स्वर्ण पदक हात पारेको थियो । विजेता दुवैले इलेक्ट्रिक स्कुटरसहित ट्रफी हात पारेका छन् । अवार्डमा टेनिस खेलको बर्चसो देखिएको छ । टेनिसबाट वर्ष उत्कृष्ट खेलाडी, उत्कृष्ट प्रशिक्षक र उपदयमान खेलाडी गरेर ३ जनाले अवार्ड हात पारे । वर्ष उदीयमान खेलाडीमा क्रिकेटकी श्रृष्टि जैसी, बक्सिङका शाहिल लिम्बुलाई पछि पार्दै टेनिसका दर्शिल श्रेष्ठले उपाधि हात पारे । उनले नगद ३५ हजार रुपैयाँ र ट्रफी जित्न सफल भए । वर्षोत्कृष्ट प्रशिक्षक विधामा टेनिसका निरज थापाले हात पारेका छन् । उनले ३५ हजार रुपैयाँसहित ट्रफी पाएका छन् । उक्त विधामा उत्कृष्ट ३ भित्र क्रिकेटका रिजन प्रजु र तेक्वान्दोका रेकमाया गुरुङ परेका थिए ।

## कांग्रेस......

त्यस्तै, उपमहासचिवमा हालसम्म भुवन शर्मा र युवराज गौतमले उम्मेदवारी दिने घोषणा गरेका छन् । त्यसमध्ये शर्मा संस्थापन पक्ष र गौतम कोइराला पक्षको उम्मेदवार बन्ने संभावना रहेको छ ।

सचिव पदका लागि खगेन्द्र भण्डारी, मेनुका ढुंगाना, राधा खनाल, माधव अर्याल, विजय रेग्मी, केशव बस्नेतलगायतले हालसम्म उम्मेदवारी घोषणा गरेका छन् । भण्डारी, ढुंगाना, खनाल र अर्याल संस्थापन पक्ष तथा रेग्मी र बस्नेत संस्थापनइतर पक्षबाट उम्मेदवार बन्ने चर्चा छ ।

कोषाध्यक्ष पदमा पदमराज जोशी, माधव धिताललगायतले उम्मेदवारी दिने चर्चा छ ।

हालसम्म विधानको टुंगो नलागेकाले कुन-कुन पद र कति संख्यामा रहन्छ भन्ने अन्योल रहेकाले अझै धेरैले उम्मेदवारी घोषणा नगरेको बताइएको छ । मुख्यतः उपाध्यक्ष र सचिव पदको विभाजन कसरी र कति संख्यामा हुने भन्ने टुंगो लागिनसकेकाले उम्मेदवारी घोषणामा पनि अन्योल देखिएको सचिव पदका आकांक्षी खगेन्द्र भण्डारीले बताए ।

युनियनको आठौं महाधिवेशन २०७१ भदौमा भएको थियो । विधानअनुसार युनियनको कार्यकाल तीन वर्षको हुने भनिए पनि लामो समयदेखि महाधिवेशन हुन सकेको थिएन । २०७४ मै हुनुपर्ने नवौं महाधिवेशन समयावधि सकिएको पाँच वर्षपछि हुन लागेको हो ।

## किसान........

माध्यममा काम गर्ने सञ्चारकर्मीलाई केही रकम दिने प्रलोभनमा पारेर कुप्रचार गर्न लगाइ कृषि कम्पनीका कर्मचारीलाई हत्तोउत्साहित गराउन समेत भुमिका खेलेका थिए ।

देखिएका पात्र यी दुइ कम्पनी भएपनि नेपालमा ठुला घरनामा गनिएका तर भारतीय मुलका ब्यापारीहरुको समेत यसमा अप्रत्यक्ष संलग्न भएको एकजना जानकारले नाम नबताउने सर्तमा जन आकाशलाई बताएकाछन् ।

शक्तिकेन्द्रको आडमा ठेकेदारहरुले झण्डै एक दर्जन कर्मचारीलाई निलम्बनमा पारीसकेका छन् । बाकी रहेका कर्मचारीलाई उनिहरुले भनेको नमान्ने र कम्पनीको ऐन कानुन लगायर छिटो छरितो काम गर्न सक्ने प्रवाधान भएपनि ति ठेकेदारहरुको शक्ति केन्द्रवाट पुनः ठेकेदारहरुको टेण्डर रद्द गर्दा अख्तियारमा धाउनु परेका कर्मचारीको हालत हुने ठानेर कर्मचरीहरुले महत्वपुर्ण निर्णय गर्न नसकेको एक कर्मचारीले नाम नबताउने सर्तमा जन आकाशलाई बताएकाछन् ।

त्यस्ता महत्वपुर्ण निर्णयहरु कर्मचारी आफैले गर्दा विवादमा फसाइने र सकेसम्म मन्त्रालयले नै गरिदिए हुन्थ्यो भनेर पर्खिदा यस्ता समस्या देखिएका छन् ।

नेपालमा मल खरिदमा समस्या निम्त्याउने तत्वहरु भनेका मल खरिदमा भाग लिएका र पछि कारवाहीमा परेका ठेकेदारहरुको कारणले उत्पन्न विवाद नै नेपालमा मल समयमा नआएको मुख्य कारणलाई लिने आधार बन्दै गएको छ ।

तिनै ठेकेदारहरुलाई संक्षण गर्ने शक्तिकेन्द्रका पार्टी सरकारमा आशिन छ । त्यस कारण लाखौ नेपालका किसानहरुलाइ समस्यामा पारेकाछन् । यसको खोजिनीति कस्ले गर्ने ? जनताले नै यसको छिनोफानो नगर्ने हो भने आकाशवाट कोही भगवान बनेर आउदैन होला !

## देउवा....

रहेकाहरुको नाम मन्त्रीमा सिफारिश गरिदिए । अर्कोतर्फ, अशोक राईलाई पक्षमा पार्न राजेन्द्र श्रेष्ठलाई मन्त्रीमा यथावत् राखे । यसरी बाबुराम भट्टराई कार्यकारिणी र संसदीय दलमा लगभग एक्लिन पुगेका छन् ।

## रवि.....

उठाएर मात्र चलाउँछौं,' उनले भने, 'शुभेच्छुक र शुभचिन्तकको साथ र सहयोगमा पार्टी चलाउँछौं ।'

ठूला व्यापारिक घरानामा चन्दा माग्ने कुराको सधैं विपक्षमा रहेको भन्दै भोलि चन्दा लिनेहरूले पनि उनीहरूको सुभेच्छा समेट्नुपर्ने हुनसक्ने कुराबाट आफूहरू टाढा रहेको लामिछानेले बताए ।

उनले व्यापारीहरूसँग चन्दा लिंदा ठूला राजनीतिक दलहरूलाई अहिले नीति निर्माणदेखि अन्य कुरामा अप्ठ्यारो परेको भन्दै आफूहरु त्यो बाटोमा नजाने लामिछानेको भनाइ छ । पार्टीको विषयमा आउने विवाद सम्बन्धी सबै कुरा कानुनी रूपमा नै समाधान गर्ने उनले बताए । 'उक्त समयमा जसरी आउँछ त्यसैगरी प्रतिवाद गर्नेछौं । निर्वाचन आयोगले कानुन हेरेर नै पार्टीको निर्णय गरेको हो', उनले भने ।

## राष्ट्रिय.....

गरि एकिकृत वाँधा श्रम निषेध ऐन निर्माण गरिनुपर्ने मुख्य माग अघि सारेको छ ।

कार्यक्रममा समितिका सह( संयोजक राजुराम भूलले कमैया, हलिया, हरुवा/चरुवाले रोडमा बसेर गुजारा चलाएको दुःख सुनाएका छन । सुदुरपश्चिममा हलियाको आन्दोलन चल्दा मिडियाले ठुलो साथ दिएको स्मरण गर्दै अहिलेपनि आफूहरुको माग पूरा गर्नको लागि मिडियाले साथ दिने विश्वास दिलाए । उनले सरकारले चाह्यो भने एक वर्षभित्रै आफूहरुको समस्या हल हुने बताए । उनले माग पूरा नभए आगामी निर्वाचन बहिष्कार गर्नेसम्मको चेतावनी दिए । उनले भने,'हाम्रो माग पूरा नभए निर्वाचन बहिष्कार गर्छौं ।'

उनले विगतमा आफूहरुले 'आफ्नो जमिन, आफ्नो अमिन' भन्ने अभियान चलाएको पनि स्मरण गराए । उनले भने,'बसेकै स्थानमा जग्गा दिईए धेरै संख्यामा समस्या हल गर्न सकिन्छ ।'

कार्यक्रममा संघर्ष समितिका सदस्य सचिव पशुपति चौधरीले अहिलेको अवस्थामा हरुवा चरुवा बस्नु भनेको मौलिक हकको हनन भएको निश्कर्ष सुनाए । उनले भने,'मुक्त कमैयाको मुक्तिको घोषणा भएको २०५७ सालमा हो, अहिले २२ वर्ष पूरा भयो । यो २२ वर्ष छोटो समय होईन । राज्यले केही गरेको छैन भनेर मैले भनेको होईन । मुक्त कमैयाले परिचयपत्र नपाउनु दुःखको कुरा हो । हाम्रो स्वास्थ्य, शिक्षा र रोजगारको सुनिश्चितता गरिनुपर्छ । हाम्रा माग पूरा गर्नको लागि तत्काल अधिकारसम्पन्न आयोग गठन गर्नुपर्छ । मुक्त कमैयाहरु बसेकै जग्गा उनीहरुलाई दिनुपर्छ ।'

समितिका सदस्य एवम् अधिवक्ता बालाराम भट्टराईले अहिले गणन्तान्त्रिक व्यवस्थामा पनि बधुँवा मजदुरको कुरा गर्नु दुःखद् भएको बताए । उनले संविधानमा अहिले शोषणविरुद्धको हक लेखेको स्मरण गर्दै समितिले अघि सारेका माग पूरा गर्न राज्य गम्भीर हुनुपर्ने धारणा राखे । उनले सामाजिक मुद्दामा नेपालका दलहरु गम्भीर नभएको टिप्पणी गरे । उनले भने,'हामीले व्यवस्था परिवर्तन गर्यौं तर अवस्था परिवर्तन गर्न सकेका छैनौं । बाँधा श्रमिकको रुपमा काम गर्नु दुःखद् हो । उहाँहरु मुक्तिको लागि छटपटाई रहनु भएको छ, राज्ये उहाँहरुको आवाज सुन्नुपर्छ ।' उनले हलिया, मुक्तकमैयाको तथ्यांक लिन छुट भएकोले पूनः तथ्यांक लिनुपर्ने पनि आवाज उठाए ।

यस्तै, संघर्ष समितिकी सदस्य राजवती मण्डलले अहिले हरुवा, चरुवाहरु ठूलो पीडामा रहेको भन्दै राज्यले तत्काल आफूहरुले अघि सारेका माग सम्बोधन गर्नुपर्ने बताईन् । उनले भने,'हरुवा/चरुवाको ठूलो पीडा छ ।' उनले सरकारले 'देखाउनेमा खसी, खुवाउनेमा फर्सी त्यो पनि पर्सी' जस्तै व्यवहार गरेको दुःखेसो पोखिन् ।

उनले आफूहरुको पहिलो माग भनेको नै गाँस, बाँस र कपास रहेको सुनाईन् । उनले भनिन('हाम्रा केही माग पूरा भएका पनि छन् । माग पूरा नभएसम्म आन्दोलन जारी हुन्छ ।' यस्तै, कार्यक्रममा यो आन्दोलनमा आवद्ध शंकर बहादुर बिकले आन्दोलनसम्बन्धी कविता वाचन गरेका थिए । पत्रकार सम्मेलन कार्यक्रम सञ्चालन प्रसाद नेपालीले गरेका थिए ।

## शेखर.......

सभापतित्वमा आयोजित साक्षात्कारमा बोल्दै उनले जे उद्देश्यले सरकार गठन भएको हो अहिले सोहीअनुरुप काम भैरहेको जिकिर गरेका हुन् । उनले भने,'अहिलेको सरकार विशेष राजनीतिक परिवेशमा, विशिष्ट जिम्मेवारी बोकेर निर्माण भएको हो । तत्कालिन नेकपाको सरकार खासगरी तत्कालि प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको सरकारले संविधान भत्काउने काम गरिसकेपछि, पटक-पटक प्रतिनिधिसभा विघटन गरेर मुलुकलाई अन्यौल र अस्थिरतातर्फ लिएर जाने काम गरेको थियो । संविधान भत्काउने काम गरेको थियो, हामीले अत्यन्तै ठूलो त्याग, तपस्या र मेहनतले बनाएको संविधान नै निश्प्रभावी हुनेगरि अघिल्लो सरकारले काम गर्न थाल्यो, त्यसको विरुद्धमा अहिलेको सरकार बनेको हो । यो पाँच दलीय गठबन्धन बनेको हो ।'

उनले वर्तमान गठबन्धनको मुख्य जिम्मेवारी भनेको संविधान रक्षा गर्नु रहेको स्मरण गर्दै अहिले सोहीअनुसार काम भैरहेको दाबी गरे । उनले भने,'सरकारले आवधिक निर्वाचनलाई महत्व दिएको छ । स्थानीय तहको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ, अहिले मुलुक संविधान निश्प्रभावी हुने खतराबाट जोगिएको छ । यो सरकार गठन हुँदाखेरि कोभिड-१९ बाट मुलुक आक्रान्त थियो, कोभिडको जोखिमपूर्ण अवस्था थियो । जनताको ज्यानको सुरक्षा गर्ने पहिलो जिम्मेवारी सरकारको हो । सरकारले पहिलो प्राथमिकता खोप भनेको थियो । प्रधानमन्त्रीज्यूले पनि सबै नागरिकलाई खोपको प्रतिबद्धता जनाउनुभएको थियो, त्यसअनुसार सरकार सफल भएको छ । यो सरकार पाँच वर्ष शासनसत्ता सञ्चालन गर्न गठन भएको होईन । जनताबाट पाँच वर्ष शासन गर्न गठन भएको तत्कालिन ओली सरकारले गरेका गलत काम रोक्नको लागि यो सरकार गठन भएको हो । प्रधानमन्त्री देउवाले तदअनुरुप आफ्ना काम अघि बढाउनुभएको छ । जे उद्देश्यले सरकार गठन भएको हो, त्यो काम देउवाले गरिरहनुभएको छ ।'

पूर्वमन्त्री लेखकले पार्टीको महाधिवेशन भएको ६ महिना बितिसक्दापनि विधान बनाउने, पदाधिकारी नियुक्त गर्ने र कार्यसमितिलाई पूर्णता दिने काम बाँकी रहेकोले अब छिट्टै ती काम पनि सम्पन्न गरिने विश्वास दिलाए । उनले भने,'महाधिवेशन भएको ६ महिना भयो । विधानले ६ महिनाभित्र विधान बनाईसक्नुपर्ने, पदाधिकारी नियुक्त गरिसक्नुपर्ने, कार्यसमितिलाई पूर्णता दिनुपर्ने कुरा गरेको छ । महाधिवेशन लगत्तै हामी स्थानीय तहको निर्वाचनमा प्रवेश गर्यौं । पार्टीका केही काम गर्न ढिलाई भएको छ । विभाग गठनका कुरा, कार्यसमितिलाई पूर्णता दिने कुरा अनि पदाधिकारी लगायत सबै विषयमा केही ढलाई भएको छ । अब चाँडोभन्दा चाँडो यी काम पूरा गर्नुपर्छ । कांग्रेस अहिले सरकारको मोर्चामा पनि नेतृत्वदायी भूमिकामा छ । समग्र राजनीतिक गतिविधिमा पनि आफ्नो भूमिका सशक्त बनाएको छ । अहिले स्थानीय तहको निर्वाचनमा कांग्रेस ठूलो दल बनेको छ ।'

उनले सभापति देउवाले काम गर्न सक्नुभएन भन्ने कुरामा कुनै सत्यता नभएको जिकिर गरे । उनले भने,'उहाँबाट सरकार र पार्टी दुवै मोर्चामा क्रियाशिलताका साथ काम भएका छन् । सरकार र पार्टीभित्र असफल भएको छ भन्ने कुरा होईन भन्ने आग्रह गर्न चाहन्छु ।' उनले शेखर कोइराला समूहले पार्टी सभापतिबारे निकालेको निश्कर्षमा आफ्नो सहमति नभएको टिप्पणी गरे । उनले भने,'पार्टीभित्र विभिन्न विषयमा छलफल हुने गर्छन् । विभिन्न कोणबाट साथीहरुले छलफल गर्नुहुन्छ । केही साथीहरुले सरकारले सफलतापूर्वक काम गर्न नसकेको, अनि पार्टीमा सभापतिले ठीक ढंगले काम गर्न नसकेको निश्कर्ष निकाल्नुभएको छ, त्यो निश्कर्ष पूर्ण रुपले ठीक छैन् । सरकारको हामीले ठीक ढंगले मूल्यांकन गर्नुपर्छ । जे कामको लागि सरकार गठन भएको थियो, त्यहीअनुसार काम गरेको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र महँगीको विषय छ, अन्तर्राष्ट्रिय घटनाक्रमसँग पनि जोडिन्छ । यी कमिकमजोरीलाई सुधार गरेर जानुपर्छ । कांग्रेस ठीक ढंगले नचलेको भए कसरी पहिलो दल बन्यो त ? नेतृत्व सफल भएको छ । पार्टी कमजोर र क्रियाशिल नभएको भन्ने साथीहरुको जो धारणा छ, त्यससँग सहमत हुन सकिँदैन् । सामक्ष□सन्य कमिकमजोरी सुधार गर्नुपर्छ ।'

उनले शेखर कोइराला समूहले भागबण्डाको राजनीति गर्न खोजेको कुरा मिडियामा आएको उल्लेख गर्दै सुरुमा कोइराला समूहले भागबण्डाको अन्त्यको आवाज उठाएको बताए । उनले भने,'उहाँहरुले पार्टीको महाधिवेशनमा निर्वाचन लड्दा, भागबण्डाको राजनीतिक समाप्त हुन्छ भन्नुभएको थियो । अहिले अखबारमा सुनेको छु-४० प्रतिशतको भागबण्डा खोज्ने भनेर । छलफल र भेला गर्ने कुरा स्वभाविक हो । उहाँहरुको निश्कर्ष र निर्क्योंल्सँग म व्यक्तिगत रुपमा सहमत हुन सक्दिनँ ।'

उनले आगामी निर्वाचनमा कांग्रेस एकताबद्ध भएर जाने धारणा राखे । उनले भने,'जनताले हाम्रो पार्टीसँग भरोसा गरेका छन् । कम्युनिष्ट पार्टीसँग नेपाली जनता आजित भएका छन् । दुःखी भएका छन् । चित्त दुःखाएका छन् । निर्वाचनको बेलामा मिल्ने, अनि चुनाव जितेपछि आफ्नो सरकार आँफै ढाल्ने काम पनि भएका छन् । नेकपा एमालेले सरकारमा हुँदा जुन काम गर्यो, जनता असन्तुष्ट छन् । अहिले जनताले कांग्रेसतर्फ आशा र भरोसा गरेका छन् । एकताबद्ध, संगठित र अनुशासित भएर अघि बढ्नुपर्छ । सम्भावित विवादलाई सरसल्लाह गरेर टुँगोमा पुर्याउनुपर्छ ।'

नेता लेखकले पाँच दलीय गठबन्धन आगामी निर्वाचनसम्म निरन्तर अघि बढ्ने बताए । उनले भने-'केन्द्रमा गठबन्धनको सरकार छ । विभिन्न प्रदेशमा मिलीजुली सरकार छन् । स्थानीय तहको निर्वाचनमा पनि तालमेल भएको छ । आउने निर्वाचनमा गठबन्धन गर्नेबारे छलफल भैरहेको छ । तर, यो छलफलले मुर्त रुप लिन सकेको छैन् । गठबन्धनलाई निरन्तरता दिएर अघि बढ्ने सम्भावना छ ।'

## बैंकिङ कसुर मुद्दाका फरार २ अभियुक्त बालुवाटारबाट पक्राउ

काठमाडौं । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो(सीआईबी)ले बैंकिङ कसुर मुद्दाका फरार दुई जना अभियुक्तहरुलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा महोत्तरीको लोहारपट्टि नगरपालिका ७ घर भई हाल ललितपुरको महालक्ष्मी नगरपालिका १ इमाडोल बस्ने २८ वर्षीय गौरभ शर्मा र धादिङको नेत्रवती डबजोङ गाउँपालिका ५ घर भई काठमाडौंको तारकेश्वर नगरपालिका १० मनमैजु बस्दै आएका ३१ वर्षीय प्रेमबहादुर गुरुङ रहेका छन् । उच्च अदालत पाटनको २०७९ वैशाख ५ गतेको फैसलाले शर्मालाई ११ दिन कैद र ५५ लाख जरिवाना सुनाएको थियो भने गुरुङलाई उच्च अदालत पाटनले २०७९ साल वैशाख ४ गते २ दिन कैद र ९ लाख ९० हजार रुपैयाँ जरिवाना सुनाएको थियो । महाराज गञ्जबाट खटिएको सीआईबीको ब्यूरोले शर्मा र गुरूङ दुवै जनालाई काठमाडौं बालुवाटारबाट पक्राउ गरेको जनाएको हो ।

# अन्तराष्ट्रिय समाचार

## हङकङमा हस्तक्षेप गर्ने चाहना

हङकङ मातृभूमिमा फर्केको २५ औं वार्षिकोत्सवका अवसरमा बेलायती प्रधानमन्त्री र कुटनीति तथा विकास मन्त्री टूसले छुट्टाछुट्टै वक्तव्य प्रकाशित गर्दै हङकङ बासिन्दाका लागि ऐतिहासिक जिम्मेवारी लिनु र हङकङलाई हार नमान्नु आदि धारणा व्यक्त गरेका छन् । यो हास्यास्पद राजनीतिक प्रदर्शनबाट पूर्व उपनिवेशवादीहरूले "सूर्य कहिल्यै अस्ताउँदैन" भन्ने बितिसकेको घमण्डलाई अस्वीकार गरेको प्रतिबिम्बित भएको छ । उनीहरुसँग हङकङ र चीनको आन्तरिक मामिलालाई हस्तक्षेप गर्ने दिवा स्वप्न रहेको छ । बेलायतका केही व्यक्तिहरूले चीन(ब्रिटिश संयुक्त घोषणापत्रलाई अडिग राख्दै हङकङ मामिलामा हस्तक्षेप गर्नका लागि यसलाई तथाकथित आधारको रूपमा प्रयोग गरेका छन् । तापनि सबैलाई थाहा छः चीन र बेलायतले १९८४ को डिसेम्बरमा हस्ताक्षर गरेको उक्त घोषणाको लक्ष्य हङकङलाई मातृभूमिमा फर्काउने समाधान हो । यस घोषणापत्रको मुख्य विषय चीनले हङकङमा सार्वभौमसत्ताको अभ्यास पुनः सुरु गरेको छ । १९९७ को जुलाई १ तारिख हङकङ मातृभूमिमा फर्केपछि उक्त घोषणामा बेलायत सम्बन्धी अधिकार तथा दायित्वहरू सबै पूरा भएको छ । चीन सरकारले हङकङको शासन गर्ने आधार संविधान र हङकङको आधारभूत कानुन हो भने चीन(ब्रिटिश संयुक्त घोषणा होइन । हङकङ फर्किएपछि बेलायतको कुनै सार्वभौमसत्ता, शासन वा पर्यवेक्षण छैन ।

## भारतको मणिपुरमा पहिरोमा परी २५ जनाको मृत्यु, ३८ जना बेपत्ता

भारतको मणिपुरस्थित नोने जिल्लामा गत बुधबारको पहिरोमा परी मृत्यु हुनेको संख्या २५ पुगेको छ । ३८ जना अझै बेपत्ता छन् । समाचार एजेन्सी पीटीआईका अनुसार मृत्यु शव फेला परेका २५ जनामध्ये ७ जना असमका हुन् । घटनास्थलमा खोज र उद्धारको काम अझै जारी छ । पहिरोमा रेलवे निर्माणमा संलग्न मजदुर, सुरक्षाकर्मी र स्थानीय परेका थिए । असमका मुख्यमन्त्री हिम्मत विश्वा शर्माले गत शुक्रबार मोरीगाउँ जिल्लाका २२ जनाको नाम सार्वजनिक गरेका थिए जो रेलवे निर्माणमा संलग्न थिए । तीमध्ये ५ जना घाइतेको उद्धार गरिएको थियो भने ५ जनाको मृत्यु भएको थियो । अन्य १२ जना बेपत्ता छन् ।

## श्रीलंकामा दुई साता पेट्रोल बिक्रीमा प्रतिबन्ध

आर्थिक संकट गहिरिंदै गएपछि श्रीलंकाले अत्यावश्यक सेवा बाहेकका क्षेत्रमा पेट्रोल बिक्रीमा प्रतिबन्ध लगाएको छ । बीबीसीले स्थानीय अधिकारीहरुलाई उदृत गर्दै उल्लेख गरेअनुसार अबको दुई साता श्रीलंकामा यात्रुबाहक बस, औषधि र स्वास्थ्यजन्य सेवाका सवारी र खाद्य वस्तु ओसारपसार गर्ने सवारी साधनले मात्रै पेट्रोल पाउनेछन् । आर्थिक संकटका कारण इन्धनको अभाव चर्किंदै गएपछि सरकारले शहरका विद्यलयहरु दुई साताका लागि बन्द गर्ने घोषणा गरेको छ । यस्तै अत्यवश्यक सेवाबाहेकका निजी तथा सरकारी क्षेत्र सेवालाई 'वर्क फ्रम होम'मार्फत गर्न र देशको अवस्थालाई बुझेर घारबाहिर ननिस्कन जनतासँग आग्रह गरेको बीबीसीले जनाएको छ ।

## सैनिक सरकारविरुद्ध सुडानमा सडक आन्दोलन चर्कियो

सुडानमा सैनिक जनरलहरूले गत अक्टोबरमा राज्य विद्रोह गरी चलाएको सत्ताको विरोधमा दैनिक हजारौंको सहभागिता हुन थालेको छ । सरकार विरोधी आन्दोलन थप चर्किंदै जाँदा भएका प्रदर्शनका क्रममा शुक्रबार नौ जनाको मृत्यु भएको भन्दै शनिबार निकालिएको जुलुसमा हजारौं सहभागी बनेका छन् । राजधानी केन्द्रित प्रदर्शनका क्रममा हजारौं सर्वसाधारणले सरकारी अधिकारीहरूको दमनको विरोध गरेका हुन् । संयुक्त राज्य अमेरिका र अन्तर्राष्ट्रिय समुदायका विभिन्न मुलुकले शान्तिपूर्ण विरोधमा सेनाबाट बल प्रयोग गरेको भनी घटनाप्रति चासो व्यक्त गर्दै घटनाको कडा शब्दमा निन्दा गरेका छन् । अक्टोबरदेखि अहिलेसम्म भएका प्रदर्शनका क्रममा १८ बालबालिकासहित ११३ जनाको मृत्यु भइसकेको छ । सरकारी अधिकारीहरुको दमनसँगै इन्टरनेटलगायतका सञ्चार सेवाहरु पनि विच्छेद गरेका छन् । आन्दोलनरत सर्वसाधारणको जमघट कम गर्न सरकारी अधिकारीहरुको निर्देशनमा इन्टरनेट सेवा अवरुद्ध पारेको सेवा प्रदायकहरुले जनाएका छन् । सुडानस्थित विभिन्न दूतावास तथा मानवअधिकारवादी संघसंस्थाहरुले भने सरकारी दमनको विरोध गर्दै लोकतन्त्रमा विरोधीहरुको मतको सम्मान गर्न आग्रह गरेका छन् । एएफपी

## चीनले तत्काल ताइवानमा आक्रमण गर्न सम्भावना छैन : अमेरिका

अमेरिकाका सैन्य प्रमुख मार्क मिलीले चीनले ताइवानमाथि तत्काल आक्रमण गर्ने अवस्था नदेखिएको तर अमेरिकाले त्यहाँको अवस्थालाई नजिकबाट नियालिरहेको बताउनुभएको छ । चीनले ताइवान सीमा नजिक सैन्य क्षमता विस्तार गरिरहेका बेला अमेरिकी सैन्य प्रमुख जेनरल मिलिले तत्काल आक्रमणको सम्भावना नरहेको बताउनुभएको बीबीसीले जनाएको छ । चीनले क्षमता विस्तार गरिरहेको तर आक्रमणबारेको निर्णय राजनीतिक हुने उहाँको भनाइ छ । उहाँले ताइवानमाथिको आक्रमणले चीनलाई मात्र नभइ विश्वलाई नै समस्यामा पार्ने बताउनुभयो । चीनले अमेरिकालाई ताइवानको स्वतन्त्रतालाई समर्थन गरेको र त्यस्तो प्रयासलाई निरर्थक बनाउने बताउने गरेको छ । यो विषयलाई लिएर चीन र ताइवानबीच तनाव बढिर हेको बेला अमेरिकी सेनाको भनाइ सार्वजनिक भएको हो । चीनले ताइवानको हवाई रक्षा क्षेत्रमा लडाकु विमानहरू उडाउने क्रम बढाएको छ भने अमेरिकाले ताइवानको समुद्र क्षेत्रमा पानीजहाजहरू पठाएको छ । चीनले ताइवान आफूसँग छुट्टिएको एक प्रान्त भएकोले आवश्यक परे शक्ति प्रयोग गरेर भए पनि गाभ्नुपर्ने बताउँदै आएको छ । चीन र ताइवान सन् १९४० को दशकको गृहयुद्धमा अलग भएका थिए ।

## बाढीका कारण अस्ट्रेलियाको सिड्नी सहर प्रभावित

अस्ट्रेलियामा बाढीका कारण एक जनाको ज्यान गएको छ भने हजारौं मानिस विस्थापित भएका छन् । बाढीका कारण सिड्नी सहर प्रभावित भएको छ । त्यहाँको जनजीवन कष्टकर भएको छ । मुसलधारे वर्षाका कारण सडक बन्द हुनुका साथै हवाई सेवा समेत प्रभावित भएको बीबीसीले जनाएको छ । न्यु साउथ वेल्सका आपतकालीन सेवा मन्त्री स्टेफानी कुकले मानिसको ज्यान जोखिममा पर्ने अवस्था आएको भन्दै सचेत रहन आग्रह गर्नु भएको छ । न्यु साउथ वेल्समा गएको मार्च महिनामा आएको बाढीमा परेर २० जनाको ज्यान गएको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# प्रेम–आवश्यकताको रुप “रात्री गन्थन”

– विनोदकुमार श्रेष्ठ

एकदिन, शङ्करन पिल्लई एउटा पार्कमा गए। त्यहाँ एउटी सुन्दर महिला ढुङ्गाको मेचमा बसिरहेकी थिइन्। उनी त्यतै गए अनी त्यही मेचमा बसे। केही मिनेटपछि, शङकरन उनको नजिक सरे। ती महिला टाढा सरिन्।



फेरी, केही मिनेटपछि उनी केही इन्च सरे। उनी टाढा सरिन्। उनले पुनः केही बेर पर्खिए, अनी केही इन्च अझ नजिक पुगे।त्यति बेलासम्म ती महिला मेचको छेउमा पुगिसकेकी थिइन्। उनले ती महिलालाई अंगालो हाले। महिलाले हात पन्छाइन्। शङ्करन केहीबेर यत्तिकै बसे अनी घुँडा टेकेर एउटा फूल दिँदै उनलाई भने (“म तिमीलाई प्रेम गर्छु। म तिमीलाई यति प्रेम गर्छु, जति मैले आफ्नो जीवनमा अहिलेसम्म कसैलाई गरेको छैन।”

उनी पग्लिइन्। प्रकृतिले आफ्नो रुप देखाइन् अनी उनीहरू एक(अर्कामा हराए !

साँझ परिसकेको थियो। शङ्करन पिल्लई जुरुक्क उठे अनी भने (“म जानुपर्छ। आठ बजिसकेछ, मेरो बुढी पर्खिरहेकी हुन्छे।” उनले भनिन् -“के तपाईं जाँदै हुनुहुन्छ ? तपाईंले भर्खरै भन्नुभएको थियो कि तपाईं मलाई प्रेम गर्नुहुन्छ !”

“हो ! तर अब समय भइसक्यो। म जानुपर्छ।”

यो माथिको कथा सबैजनामा लागू हुन्छ म भन्दिन। यस्तै कथा मेरो जीवनमा भने लागू भएको छ। मजस्तै थुप्रै मानिसमा लागू हुने गर्दछ पनि। मजस्तै थुप्रै मानिसहरूका निम्ती प्रेम एउटा आवश्यकता बनेको छ, जुन बिना उनीहरू बाँच्न सक्दैनन्। “म तिमी बिना बाँच्न सक्दिनँ” भन्नु मेरो जीवनको हकमा भन्ने हो भने एक हदसम्म “म ह्वीलचेयर बिना एक पाइला पनि हिड्न नसकेको जस्तै हो।”

ह्वीलचेयर मैले चढेको नै १५ वर्ष भयो। कसैले मलाई “अव तपाईं ह्वीलचेयर बिना हिँड्न सक्नुहुन्छ” भनिदियो भने के म पत्याउन सकुँला र ?यसमा जीवनको सार्थकता छैन। त्यसैगरी प्रेमको नाममा म आफूँ असाध्यै असहाय र अपूर्ण बनेको छु।

एउटा प्रेम तपाईंलाई पनि मैले यहाँ शेयर गरे :

साउन पन्द्रको दिन थियो। खिर खाने दिन पनि हो नेपाली परम्परा अनुसार। यस्ता चाडहरू फेसबुक र टिकटक चलाउनेहरूले धेरै चासो राख्दछन्। अझ भन्नु पर्दा खिर खान्छन् कि खादैनन् त्यो थाहा छैन तर फेसबुक र टिकटकमा पिक्चर वा भिडियो अनिवार्य पोष्ट गर्छन्। बनाएर, या कतैबाट ल्याएर भए पनि।

हो यही एक वर्ष पहिलेको साउन पन्द्र। कसैले मलाई म्यासेजमा सोध्यो ( “खिर खानु हुन्छ ?” मैले पनि जवाफमा ( “बनाएर दिनु हुन्छ भने किन नखानु।” लेखेर सेन्ट गरेँ।

उनी र म फेसबुकमा साथी थियौँ तर खासै कुराकानी भएको थिएन। उनले एक्कासी यसरी सोधे पछि म छक्क परेँ। अनौठो पनि लाग्यो। उनले भनिन् - “एकछिन ल। म लिएर आउछु।”

खिर लिएर आउने कुरा मलाई विश्वास थिएन। विश्वास गरू पनि कसरी ? आज सम्म न राम्ररी बोलचाल भएको थियो न नजिकिएर नै कुराकानी। लाग्यो, उनी पनि अरूअरू जसरी नै जिस्क्याइरहेकी छे।

खिर लिएर आउने कुरा पछि म्यासेज आदानप्रदान भएन। न उनले म्यासेज गरिन् न मैले।

दिन बिस्तारै आफ्नै रफ्तारमा अघि बढिरह्यो।

बेल्की हुँदै गर्दा फेरी म्यासेज देखा पर्यो -“सरी ल ! तपाईं आश गरेर बस्नु भएको थियो होला तर खिर बोकेर त्यहाँ आउनै लाज लाग्यो।”मैले “केही छैन। मलाई आश पनि थिएन” लेखेर पठाएँ। उनले (“आज नल्याए पनि म तपाईंलाई एक दिन जसरी पनि खुवाउछु।”लेखेरपठाइन्।

सधैं देखिरहने, भेटिरहने मान्छे हुन् उनी। आज मेसेज आदान प्रदानमा कुरा हुँदै थियो। बिस्तारै कुराहरू अघि बढ्दै गयो। उनी आज यति खुलस्त भएर कुरा गर्दै थिइन् कि म शब्दमा बयान गर्न सक्दिनँ। आम नारीभन्दा बिल्कुल फरक। लाग्थ्यो, सयौँ वर्षसम्म हामीले सङ्गत गरिसकेका छौँ।

म कस्तो मान्छे हुँ भन्ने पनि उनलाई थाहा थियो। मेरो जीवन धान्नु मेरा लागि आफैलाई कठिन हुन्छ भन्ने पनी थाहाँ थियो उनलाई। तर मेरो व्यक्तित्व उनलाई मन पर्‍यो या अन्तरङ्ग या कुरा गोप्य राखिदिन सक्ने जिम्मेवार व्यक्ति सम्झिन्। यसको उत्तर मैले पाउन सकेको छैन तर म अपाङ्ग र उनी सबलाङ्ग हुनुले केही असर गरेन।

च्याटमा हामी रत्तिँदै थियौँ। हाम्रो मन साटासाट हुँदै गयो दीप श्रेष्ठले गाएको गीतजस्तै(

एउटै बाटो सधैं भेटघाट भइरहँदा
मुस्कानहरू साटिएछन् बोलिरहँदा
कुन बिन्दुमा मन खुले पत्तै भएन
कसले राख्यो पहिलो प्रस्ताव थाहै भएन।

तर एउटा कुरा प्रष्ट छु म। म्यासेजकै क्रममा उनले फ्याट्टै लेखेकी थिइन् ( “एउटा कुरा भनूँ ?” मैले पनि लेखेर सोधिहालेको थिए (“भन्नुहोस् न।” उनले जवाफमा लेखेकी थिइन् ( “म पहिले देखि नै हजुरलाई मन पराउछु।” सोधेँ (“कहिले देखि र किन मन पराएको ?” उनले, कहिले देखिको प्रश्नमा “जुन दिन तपाइलाई देखेँ” र अर्को प्रश्नमा“तर किन मन पराए म आफैलाई थाहा छैन। मन पराउनु पाप हो र ?” भन्दै प्रश्न सोधिन्।

यो जवाफले म छटपटिएँ। यो जवाफप्रति मैले निकै सोचेँ। एकदमै चुप भएर। उनी पनि सोच्दै थिइन् होलिन् मैले मन पराएको कुरा भनेर सही गरे या गलत भन्दै।उनले फेरी लेखेकी थिइन् - “आज आट गरेरै भनेकी हुँ।”

प्रेमको भाषा बुझाउन आँखा बिझाउने रोमान्स नै चाहिन्न, वा नियति सम्झाउन सधैँको रोइलो पनि देखाइरहनु पर्दैन। प्रेमको भाषा बुझाउन प्रेम र वियोग, संवेग र संवेदना हाम्रो हकमा एक कलात्मक शिखर भयो। जीवन आरोह(अवरोह र प्रेम(संवेदना मात्र रहेछ। यही हुँदै थियो।

मैले उनलाई “बिचार गर।” भनेँ। अनी थपेँ (“मेरो शरीर देखेर बिचरा ! भन्दै देखाएको दया हो भने भो चाहिँदैन त्यस्तो प्रकारको माया। म जे छु ठिक छु।” मेरो कुरा सुनेर उनले “त्यस्तो होइन” भन्दै स्पष्टिकरण दिने प्रयास गरिन्। अनी मेरो मोबाइल नम्बर माग्दै भनिन् ( “भरै म कल गरेर सबै कुरा बताउछु।” उनले नम्बर मागे पछि मैले “तिमी त श्रीमानसँगै हुन्छौ कल गर्न मिल्छ र ?” प्रश्न सोधेँ। “म मिलाइ हाल्छु नी !” जवाफमा उनले लेखिन्।

बेलुकीपखको ८:३० बजे उनले कल गरिन्। मनमा लागेको कुरा बताइन्। मैले पनि खुलेरै कुरा गरेँ। यति खुलेछौ कि त्यो कुरा कसरी बयाँन गरूँ। गफ भएको दुई तीन दिन भइसकेको थियो।दुई तीन दिन पछि उनले साच्चै खिर बोकेर आइन्। जब उनी मेरो अघि आइन्। जब उनी मेरो सामुन्य भइन्। जवानीको रङ्गमा मस्त देखिएको आकर्षक उनको शरीर, लज्जालुपन, नसालु आँखा, हेर्दै माया गरूँ गरूँ लाग्ने उनको अनुहार देखेर म घायल भएँ। उनी मेरो नजरमा नजर जुदाएर हेर्न सकिरहेकी थिइनन्। कुरा गर्दा पनि अर्कोतिर हेरेर गर्थिन्।

उसको हेराइले मेरो मन्द मुटु ढकढक गर्न थाल्यो। के गरूँ के गरूँ ? मन छटपटियो। उनले ढोका झन् खोलिन्। मैले ढोका लगाउने इसारा गरेँ तर उनले ढोका लगाइनन्। उनी म नजिकै आइन् म आफै गएर ढोका ढप्काएँ। म केही बोल्न खोज्दै थिएँ, उनले चुप रहने इसारा गरिन्। न मेरो मुख बाट केही शब्द नै निस्कन सक्यो।

म असिनपसिन भएको थिए। निस्सासिएर रोकिएला झैँ भयो श्वास। उनलाई हेरेँ, पूरै बत्तिसा देखाएर डिच्च गरिन्। विजयको भावमा। जसरी बाघले मृगलाई मारेपछि उचाल्छ।

यस दिन देखि प्रत्येक दिन जसो उनी म कहाँ आइन्। मैले केही खाएको छैन भन्ने जानेर अनेक कुरा बोकेर आइन्। मेरो अनुहार हेर्नका लागि अनेक बाहाना बनाइन्।

अव त फुर्सद भए कि हामी च्याटमा कुरा कानी गर्थ्यौँ। बेल्की समय मिलेको बेला उनैले कल गर्थिन्। गफ गर्ने समय मिलाउन पनि त गाह्रो हुन्छ। अनेक किसिमका झुट बोल्नै पर्यो। कतै संका गरेर घर झगडा पर्ला भन्ने पनि डर।

डरै डर बीच बेल्की पख पानी सिमसिम परेको बेला बाहिरै बसेर रूज्दै कति दिन त मलाई कल गर्दै खुसी बनाउने प्रयास गरिन् त कहिले बाथरुम भित्र छिरेर। यसरी एकअर्काको प्रिय हुँदै गयौँ हामी। मैले कहिल्यै पनि उनलाई सच्चा प्रेमिका हुन सक्छिन् भनेर सोचिनँ। किनकी म पहिल्यैदेखि शारीरिक अवस्थाका कारण धोकामा जिएको मान्छे। यस्तै पूर्वाग्रह थियो मेरो मस्तिष्कमा। म सम्बन्ध सँगसँगै मैले धेरै कुराहरूमा उनको परीक्षण गर्दै थिएँ। र, सम्बन्धको केही दिन पुग्दासम्ममा म यो निष्कर्षमा पुगिसकेको थिएँ कि उनी मेरो त कहिल्यैँ हुँदिनन् तर त्यतिमात्र यसको स्वरुप होइन। यसभित्र एउटा सच्चा सीता छ, जो हरेक युगमा अग्निपरीक्षा दिएर पनि सफल नै भएर निस्कन्छे प्रेममा।

त्यसपछि श्रद्धाले डेरा जमाउन थाल्यो मनमा उनीप्रति। यतायती टोलाइरहने मेरा आँखाप्रति उनले ईर्ष्या जनाउँदै आइ। यतिखेर थाहाँ भयो जसरी उनले मलाई प्रेम गरेकी छे मैले पनि तेसै गरी गरेको छु। मात्र फरक थियो व्यक्त गर्ने शैली मात्र। उनी भन्ने गर्थिन् -“म तपाईलाई प्रेम गर्छु। अचेल त मलाई लाग्छ, तपाई भन्नु नै म र म भन्नु नै तपाईं हो। म तपाईं विना एकपल पनि छुट्टिन नसक्ने बनिसकेँ। मलाई तपाईंप्रति निकै विश्वास छ।”

यस्तै कुरा सम्झिरहेको छु आज। फोन नगरेको त कयौँ महिना भयो। अन्तिम पटक फोन कहिले भयो भन्ने पनि अव त बिर्सिसकेँ। कहिले काही धेरै दिन पछि उनी लेख्ने गर्छिन् ( “तपाईं प्रति मेरो प्रेम उस्तै छ। कहिल्यै कत्ति पनि कम भएको छैन। म मरेको दिन मात्र त्यो प्रेमको अन्त्य हुनेछ।”

यतिखेर लाग्छ, मसँग छुट्टिन उनका लागि सहज छैन तर उसका जीवनप्रति पनि मेरो कुनै उत्तरदायित्व रहँदैन। उसले भनेकी थिइन् (“मैले तपाईंलाई सधैँ आदर्श पुरुषकै रुपमा स्थापित गरेकी छु दिलमा तर श्रीमान्सँग आवद्ध भइसकेपछि फेरिफेरि तपाईंप्रति आशक्ति देखाउनु मेरो चरित्रहीनता हुनेछ। म कयौं जुनीसँम्म तपाईंको हुनै सक्दिन तर पनि तपाईंप्रतिको प्रेम मर्ने छैन।”

उनको कुरा नि ठिक छ। तर अचेल उनले मलाई उसकै बानी सारिदिएकी छे। म रिसाउँदा मलाई बुझ्ने एउटै मानिस थियो यो संसारमा केवल त्यो उनी हुन्। आज यसरी बुझ्ने मानिस टाढिएकी छिन्। म एक्लै छु। बस्। यत्ति थाहा छ।

उनलाई थाहा थियो, मेरो मन कतिबेला दुख्छ। उनलाई थाहा थियो, म पीडा हुँदा कसरी बस्छु। उनलाई थाहा थियो, मेरो पीडोको मल्हम के हो ? उसले जानेकी थिई, ती सबै सीपहरू, कलाहरू। जसले एकै सेकेण्डमा दुःखीबाट सुखी बनाउँथ्यो। थकानबाट जाँगर चलाउँथ्यो।

लाग्छ, अचेल सन्तोष छैन मनमा। एक्लिएको महसुस गर्छु। सान्तवनाका कुनै विषय भेटाउँदिनँ। मनमा अनेक तरङ्गहरू चलिरहन्छ। उकुसमुकुस भएर आउछ। मनले एउटै कुरा खोज्छ, जुस सम्भव नै छैन। म आफैलाई भुलाउने प्रयास गर्छु, तर सक्दिन। मनमा अनेक किसिमका बग्रेल्ती स्मृतिहरू उसैसँग टाँसिएर रहेका छन् र पुग्छु तिनै गल्लिहरूमा जहाँ उनी र मैले केही क्षण बिताएका थियौँ।

ती ओसिला दिनहरू।ती न्याना चुम्बनसँगैका अंगालाहरू। छटपटिएका निदान गराइदिने स्पर्शहरू।

तर, समय कहाँ एक नाशको रहन्छ र ? म जस्तै त छ समय। जाँदै गरेको समय जस्तै। किन?थाहा छैन मलाई तर आएको समयले रुवाउदँछ। वर्तमानमा मेरो विगतको खोज निरर्थक भएरहेको छ। अब मैले आफ्नै अक्षांसमा यसै गरी फेरी घुम्नै पर्छ। यसको कुनै विकल्प छैन। तर पनि लगाव टुट्न सजिलो नहुने रहेछ। थाछैन यो लगावले किन सताइरहन्छ मलाई। अनी कति दिन सम्म सताइरहने हो।

हामी दुईमध्ये कसेको गल्ती छैन। गल्ती त समयको हो। निष्ठुर बनेको त समय हो।

ऊ पनि केही दिन बहकिएकी थिइन् मसँग। अनेक प्रकारका सपना देख्थिन्। ह्वीलचेयर ठेलेर एकान्तमा लैजाने जहाँ हामी मात्र होऊ र मायाका अंगालामा घण्टौं सम्म बाधिँरहन सकौं।मेरै लागि मात्र भए पनि गाडि किन्ने। अनेक सहरहरूमा मलाई घुमाउन लैजाने। मेरा हरेक सुखदुःखमा साथ दिने। उनका सपना भनी साध्य थिएनँ। उनको समपना कहिल्यै पूरा हुन्छ भन्ने मलाई लाग्दैन थियो तर पनी उनी सपना देख्थिन्। म अपाङ्ग हुँ र अपाङ्ग देखेरै यस्ता बिचार आएको होला मनमा। मनमा यस्ता प्रकारका बिचार आउनु पनि खुसीको कारण हुन सक्छ। तर पनि केही छैन, उसका भावहरू मभित्र समाहित भएका थिए। उसले कहिल्यै सवलाङ्ग मानिसभन्दा फरक आँखाले हेरिन मलाई। उसका प्रत्येक प्रेरणाले मलाई सवलाङ्ग बनाइरह्यो। हरघडी।जुनदिनहरूमा हाम्रा मिठामिठा कुराकानी भएका थिए।

हरेक मान्छेभित्र एउटा “सुन्दर मान्छे” हुन्छ। एउटा ढुङ्गालाई हेर्नुस्, तपाईंको आँखाले त्यसलाई फगत ढुङ्गा देख्छ। तर, एक कालिगढले त्यो ढुङ्गालाई सुन्दर आकृति देख्छ। कालिगढले जव, छिनो र हतौडा चलाएर उक्त ढुङ्गाको अनावश्यक भागहरू टुक्याउँदै हटाउछँन् यतिखेर आहा ! तव सुन्दर आकृति मात्र बाँकी रहन्छ हेरूहेरू लाग्ने आकृतिमा कुदेको। त्यही आकृति देखिन् उनले मलाई।

धेरै जस्तो चाहिँ ऊसँग भेटेकै दोस्रो दिन भएको एक मिठो चुम्बनको याद आउछ। त्यो चुम्बनको समय म निकै नर्भस भएको थिएँ। बाइ भनेर छुट्टिने बेलामा अनायासै ऊसँगको अंकमालले मेरो शरीर पूरै काँपेको थियो। त्यो प्रेमिल क्षण उनी एक शब्द पनि बोल्न नसकेर मलाई हेरिरहेकी थिइन। एकटकले।मायाका भाव छछलल्काएर। उनका ती कोमल स्पर्श ती कोमल ध्वनि म सँगसगै जीवितै छन्। ती कोमल स्पर्श र ती कोमल ध्वनि आँखा चिम्म गर्दा त्यही क्षण मेरो अघि टक्क उभिन्छ।

यो सम्बन्ध सबैलाई सुनाउने कुरा पनि होइन। प्रायः म आफू आफैंसँग मात्र कुरा गर्छु। भान्सामा हुँदा ऊसँगै हुन्छु। बाटो हिँड्दा उसँगै हिँड्छु। मनमनै आफैँसँग कुरा गरिरहदा कति पटक त उसको फोन फ्याट्ट आएको हुन्थ्यो। त्यो बेला म भन्ने गर्थे - ‘म तिमीलाई सम्झिरहेको थिएँ, ठ्याक्कै तिम्रो फोन आयो।’ उनले पनि भन्ने गर्थिन्-‘मैले पनि कहाँ बिर्सन सकेको छु त। तपाईंकै याद्मा टोलाइरहेको हुन्छु र फोन गरेँ।’

तर समय कहाँ एक नासले मात्र चल्छ र ? मान्छे कति बेला कसरी परिवर्तन हुन्छ पत्तै हुँदैन। स्वयम् नारीलाई सृष्टि गरेका ब्रह्माले त नारीको स्वभाव बुझ्न सकेका थिएनन् रे। म त फगत भुइँ मान्छे। कहाँ बुझ्न सक्थेँ र ? तर जती दिन म उनको साथमा रहेँ, भोकमा भोजन दिइन। मायाको आभास दिलाइन्। प्रेम गर्न सिकाइन। अनी एक आमाले दिने माया दिइन्। एक नर्सले दिने सेवा दिइन्। एक प्रेमिकाको धर्म निभाइन्।

म प्रेमको जालोमा अल्झिरहेको थिएँ। आफ्नो सुविधा, आराम र भलाइको लागि बनाएका सम्बन्धहरूलाई म वास्तवमा प्रेम सम्झिरहेको थिए। तर म भनिरहेको छैन कि ती सम्बन्धहरूमा अलिकती पनि प्रेमको अनुभव हुँदैन तर यो सीमित रुपमा मात्र हुन्छ। “म तिमीलाई प्रेम गर्छु।” जतिसुकै पटक भने पनि अपेक्षा र आवश्यकताहरू पूरा भएन भने मष्तिष्कमा उथुलपुथुल मच्चिने रहेछ। यही मच्चिएको उथुलपुथल म व्यक्त गरिरहेको छु।

समाप्त

---

**गीतः**

किन किन आज यो मन
किन किन आज यो मन यसै रसाइरह्यो
छातीभित्र चोखो प्रीति मगमग बसाइरह्यो
दुइटा आँखा दुइटा मुटु एउटै देख्छु चाल
तिम्रै काँध हो नि हाम्रो ओत लाग्ने पाल
हृदयको धुकधुकी मा कुदिएका नाम
हाम्रो नाम उँचो राख्न गर्नू राम्रा काम
किन किन आज यो मन यसै रसाइ रह्यो
छातीभित्र चोखो प्रीति मगमग बसाइ रह्यो
गहिरो माया संतानप्रति मातापिता गर्छन्
संस्कारी छन् संतान भने भवसागर तर्छन्
गर्नुपर्छ सच्चा प्रीत जिवित् देवतालाइ
थाप्नु आशिष् शीर झुकाइ हुन्छ तिम्रो भलाइ
किन किन आज यो मन यसै रसाइ रह्यो
छातीभित्र चोखो प्रीति मगमग बसाइ रह्यो



ओमकुमारी बन्जारा

# हुन्डाई भेन्यु फेसलिफ्ट : नाडा अटो शोको आकर्षण बन्ने

काठमाडौं। भारतमा केही दिन पहिले लन्च गरिएको हुन्डाई भेन्यु फेसलिफ्ट नेपाल आउने भएको छ।




नेपालका लागि आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले यो कार नेपाल ल्याउने तयारी गरिरहेको र ढिलोमा आगामी भदौमा हुने नाडा अटो शोमा नेपाल आउने बताइएको छ।

धेरै कम्पनीहरुले नाडा अटो शो लक्ष्यित गरी नयाँ गाडी भित्र्याउने गरेका छन्। हुन्डाईले पनि पछिल्लो समयमा सार्वजनिक गरेको नयाँ भेन्यु नेपाल ल्याउने र त्यो नाडा अटो शोका लागि एक आकर्षण हुने अनुमान गर्न सकिन्छ।

२०२२ हुन्डाई भेन्युको कस्मेटिक डिजाइन फेसलिफ्टेड हुन्डाई क्रेटा र नयाँ टक्सनसँग मिल्दोजुल्दो छ। यसमा रहेको ग्रिल अब नयाँ इन्सर्टको साथ स्क्वायर आकारको भएको छ र डीआरएल पहिलेको तुलनामा पातलो देखिएको छ।

नयाँ हुन्डाई भेन्युको प्रोफाइलमा नयाँ अलोय ह्विल पनि जडान गरिएको छ। जबकि नयाँ कनेक्टेड स्प्लिट एलईडी टेल ल्याम्प सेटअप पछाडिको भागमा प्रयोग गरिएको छ। कारको चारैतिर नयाँ डिजाइन गरिएको बम्पर उपलब्ध रहेको छ।

कारको इन्टेरियर डिजाइनमा खासै परिवर्तन गरिएको छैन। यसको क्याबिनमा कालो/क्रीम रङ प्रयोग गरिएको छ, जसले यसलाई प्रिमियम बनाएको छ। यसमा किया करेन्सको जस्तै डिजिटलाइज्ड ड्राइभर डिस्प्ले उपलब्ध छ, जबकि ८ इन्च टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम अब एलेक्सा र गुगल भ्वाइस असिस्टेन्ट सपोर्ट गर्छ।

नयाँ हुन्डाई भेन्युको रियरमा रिक्लाइनिङ सिट उपलब्ध छ। यसबाहेक सो एसयूभीमा एप्पल कारप्ले र एन्ड्रोइड अटो, अटोमेटिक क्लाइमेट कन्ट्रोल, सिंगल प्यान सनरुफ, क्रुज कन्ट्रोल, वायरलेस फोन चार्जर र पुश बटन स्टार्टको साथमा कीलेस इन्ट्री, ६ वटा एयरब्याग, ईबीडीको साथमा एबीएस, इलेक्ट्रोनिक स्टेबिलिटी कन्ट्रोल र आर्यएसओफिक्स चाइल्ड सिट माउन्ट जस्ता फिचर उपलब्ध छन्।

नयाँ २०२२ हुन्डाई भेन्युमा हाल विद्यमान हुन्डाई भेन्युका ३ वटै इन्जिनको विकल्प दिइनेछ। यसमा १-लिटर टर्बो-पेट्रोल (१२० बीएचपी), १.५-लिटर डिजेल इन्जिन (१०० बीएचपी) र १.२-लिटर नेचुरल्ली एस्पिरेटेड पेट्रोल इन्जिन (८३ बीएचपी) समावेश छ।

भारतमा बुकिङ गरे पश्चात यो गाडी पाउनका लागि हप्तौ पर्खिनु पर्ने अवस्था रहेको समयमा नेपालमा यो गाडीका लागि समेत धेरै प्रतीक्षारत रहेको पाइन्छ।

यसको मूल्य पनि त्यही समयमा तोकिने छ।

# टीभीएस रोनिन, लन्च नहुँदै सार्वजनिक

टीभीएस बाइकप्रेमीका लागि रोचक खबर। टीभीएसले बजारमा ल्याउने भनेको नयाँ बाइक 'रोनिन' को तस्बिर अनलाइन लिक भएको छ। नियो-रेट्रो स्टाइलको रोडस्टर-स्र्याम्बलर सो मोटरसाइकल हेर्दा होन्डा सीबी३५०आर एससँग धेरै मिल्दोजुल्दो देखिन्छ।



यसमा हम्प गरिएको इन्धन ट्यांकी, बेसिक साइड प्यानल, राउन्ड हेडल्याम्प र रियर मडगार्डले यसको स्टाइल सिम्पल देखिएको छ। यसमा सिंगल-पड इन्स्ट्रयुमेन्ट क्लस्टर पनि छ। त्यसैगरी यसमा भएका गोल्डन-कलर्ड अपसाइड-डाउन फ्रन्ट फोर्क्स, पछिल्लो भागमा भएको मोनोसक सस्पेन्सन र इन्जिन अन्डरबेली गाडीले यसलाई केही मोडर्न स्टाइल दिएको छ।

यसमा भएको नबी टायरले अफरोडमैत्री बनाएको छ भने ठूलो सर्कुलर डिस्क र कन्ट्रास्ट कलरको फराकिलो सिटले पनि बाइकको फरक पहिचान कायम गरेको छ।

यसमा भएको इन्जिनको वारेमा अझै केही कुरा सार्वजनिक भएको छैन। यद्यपि अपाचेमा २०० मा भएको इन्जिन प्रयोग हुन सक्ने सम्भावना बढी छ वा यो भन्दा बढी क्षमताको पनि हुन सक्छ।

बजारमा रोयल इन्फिल्ड मोटरसाइकलसँग प्रतिस्पर्धा गर्नका लागि टीभीएसले नयाँ बाइक रोनिन बजारमा उतार्न लागेको चर्चा चलिरहेको छ। यसका आधारमा टीभीएसले मेहनत गरेको मान्न सकिन्छ।

टीभीएस रोनिन जुलाई ६ मा भारतीय बजारमा लन्च गर्ने तयारी भइरहेको छ। नेपाली बजारमा पनि यो बाइक केही समय पछि आउने आशा गर्न सकिन्छ।

# इलेक्ट्रीक मोटरसाइकलमा नेपाली युवाको कमाल, स्टाइलसँगै दमदार पर्फमेन्स

काठमाडौं। नेपालको आफ्नै डिजाइन र कन्सेप्टमा मोटरसाइकल उत्पादन गर्ने विषय दन्त्यकथा जस्तो लाग्ने युगमै रहेका हामीलाई यात्री मोटरसाइकल निर्माणमा जुटेका युवाहरुले सकारात्मक सन्देश दिएका छन्।

करिब ३ वर्षअघि युवा इन्जिनियर असिम पाण्डेले भनेका थिए, 'नेपाली मौलिक डिजाइनमा मोटरसाइकल बनाउने योजना लगभग तयार भएको छ।' यसोभन्दै गर्दा उनि निकै आत्मविश्वासी देखिएका थिए।



त्यसको तीन वर्षपछि उनै असिमको इन्जिनियरिङ नेतृत्वमा तयार भएको यात्री पी वान मोटरसाइकल सडकमा देख्दा गर्व लाग्छ।

ठूला ठूला गफ दिन सबैले सक्छन्। नेपाल जस्तो देशमा बसेर ग्लोवल मार्केटमा प्रतिस्पर्धा गर्ने किसिमको साधन डिजाइन र उत्पादन गर्न सक्नु आफैंमा ठूलो उपलब्धी हो। यसमा दरिलो साथ यात्रीका सीइओ वत्सल पाण्डेले दिएका छन्। उनी कम्पनीका सीइओ मात्रै होइनन् लगानीकर्ता, बजारीकरण गर्ने जिम्मेवारी लिएका युवा उद्यमी हुन्।

सन् २०२० मा पहिलो पटक यात्रीको 'पी जिरो' प्रोजेक्ट देखाउँदा जुन आत्मविश्वास असिम लगायतको टीम माथि लगानीकर्ता विक्रम पाण्डे र निकोलस पाण्डेले गरेका थिए। त्यो विश्वासलाई उत्पादनमा परिणत गर्न सकेकै कारण यात्री बजारमा देखिन थालेको हो।

अहिले यात्रीको 'पी वान' मोडल सडकमा गुढिरहेको भेटिन्छ। झट्ट हेर्दा जो कोहीलाई आकर्षित गर्न सक्ने पी वान सफलताको बाटोमा लम्किएको छ।

यात्री पी वान के छ खास ?

यात्री पी वान सहरी यात्राको लागि तयार भएको मोटरसाइकल हो। डबल स्पोर्ट डिजाइनमा निकै बोल्ड अवतारमा बनेको पी वानले २०० सीसी सेगमेन्टका मोटरसाइकल बराबरको पावर प्रदान गर्छ। यसले अधिकतम १९ हर्सपावर शक्ति प्रदान गर्छ।

पी वानको सबैभन्दा बलियो पक्ष भनेको फास्ट चार्जिङ क्षमता हो। यसलाई सामान्य चाजरले २ घन्टा र फास्ट चार्जरको सहायताले ३० मिनेटमा ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ। सिंगल चार्जमा ११० किलोमिटर रेन्ज दिने यो मोटरसाइकलको लागि आवश्यक फास्ट चार्जिङ नेटवर्क यात्रीले विस्तार गर्दैछ।

यात्रीले यसमा प्रयोग भएको ब्याट्रीले १ लाख २० हजार किलोमिटरसम्म उत्कृष्ट पर्फमेन्स दिने जनाएको छ। कम्पनीका अनुसार वार्षिक १० हजार किलोमिटर चलाउने ग्राहकलाई औषतमा १२ वर्षसम्म कुनै समस्या हुँदैन। यसमा ३ किलोवाट आवरको लिथियम म्याग्नीस अक्साइड केमेस्ट्री ब्याट्री दिइएको छ।

यो मोटरसाइकलको टप स्पीड क्षमता पनि १०० किलोमिटर प्रतिघन्टा रहेको छ। यो मोटरसाइकलमा पूर्ण डिजिटल इन्ट्रुमेन्ट क्लष्टर रहेको छ भने फोर जी नेटवर्क सपोर्ट गर्छ।

एन्ड्रोइड र आईओएसमा मोवाइल एप मार्फत कनेक्ट गर्न सकिने मोटरसाइकलमा अन बोर्ड जिपीएस सहितको एन्टीथेप्ट, चार्जिङ स्टाटस, रोड साइड एसिस्टेन्स जस्ता फिचर पाउन सकिन्छ।

कम्पनीले पी वानको मूल्य ५ लाख ६५ हजारबाट सुरुगरी बिक्री वितरण गर्दै आएको छ।


## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको ब्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिँडौ,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछयान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस